# प्रारम्भिक बालविकास केन्द्रको अनुगमन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह

दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका

लागि तयार पारिएको

शोधपत्र


शोधार्थी

उमेशकुमार राउत

परीक्षा क्रमाङ्क : २२२००४६

त्रि.वि. दर्ता नं. : ५८४३-८८



त्रिभुव विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय

वरुण बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदवारी, सङ्खुवासभा

२०७०

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय

**वरुण बहुमुखी क्याम्पस**

खाँदबारी, सखुवासभा

(जनस्तरमा सञ्चालित)

(स्था : २०४३)

फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्र उमेशकुमार राउतले प्रारम्भिक बाल विकास केन्द्रको अनुगमन शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपुर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..................................

शोध निर्देशक

सन्तोषकुमार बराल

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

मिति : २०७०/०८/२५

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय

**वरुण बहुमुखी क्याम्पस**

खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)

फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि उमेशकुमार राउतले प्रारम्भिक बाल विकास केन्द्रको अनुगमन शीर्षकमा गर्नुभएको शोध पत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | | बाह्य सुपरिवेक्षक | |

मिति : २०७०/०९/०५

# कृतज्ञता


यो शोधपत्र तयार पार्ने सन्दर्भमा धेरै विज्ञहरू द्वारा लिखित कृतिहरु अध्ययन र मनन गर्ने मौका मिलेको छ । त्यसका लागि म उहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सर्बप्रथम अमुल्य समय, सुझाब र सहयोगका लागि मेरा आदरणीय गुरू प्रा. सन्तोष बराल ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । स्थलगतकार्य गर्दा आफ्नो व्यस्त समयको बावजुद सूचना दिएर सहयोग गर्नु हुने बालबालिका, सहयोगी कार्यकर्ता, व्यवस्थापन समिति सदस्यहरु, केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरु साथै द्वितीय सूचना उपलब्ध गराएर सहयोग गर्नु हुने विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, जिशिका संखुवासभा र जिविस प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यो शोधकार्य गर्न घचघच्याउनु हुने मित्रहरु रामबाबु काफ्ले, केशब काफ्ले, राज बहादुर कार्की, जि.शि.का. संखुवासभाका वि.नि. गोपालमान भण्डारी चैनपुर स्रोतकेन्द्रका स्रोतव्यक्ति भवानीप्रसाद भट्टराई ज्यूहरू प्रति हार्दिक आभारी छु । यस कार्यका लागि प्रेरणा तथा सहयोग प्रदान गर्ने मेरो घरपरिवारका सदस्यहरु साथै प्रत्यक्ष, परोक्ष सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यबाद व्यक्त गर्दछु । यस शोधपत्र लेखनमा यतासक्य शाब्दिक एवं भाषिक शुद्धतालाई ध्यान दिने कोशिस गरिएको छ । यो शोधपत्रको भाषिक शुद्धतालाई हेरेर सहयोग गरिदिनु हुने मित्र श्री. ललितमान अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यहाँहरुको सकारात्मक सुझाब र सल्लाहको हार्दिक अपेक्षा गर्दछु ।

अन्त्यमा यस शोधकार्यलाई कम्प्युटर टाइपमा सहयोग पुऱ्याउनु हुने खराङ्ग बजारका भाई पुष्पल शाक्य साथै युनिक कम्प्युटर सर्भिस सेन्टर, खाँदबारीका प्रवीण श्रेष्ठप्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

शोघार्थी

# शोधसार

प्रस्तुत अध्ययन प्रारम्भिक बालविकास केन्द्रको अनुगमन शीर्षकमा तयार गरिएको हो । अध्ययनको मुख्य उद्देश्य बालविकास केन्द्रको अनुगमन र अन्य पक्षको बर्तमान स्थिति अध्ययन गर्नु, समुदायमा आधारित बालविकास केन्द्रमा भएको क्रियाकलापका तुलनात्मक अध्ययन गर्नु, बालविकास केन्द्रका समस्याहरु पहिचान गरी समस्या समाधानका उपायहरु सुझाउनु र बालविकास केन्द्र सञ्चालन र अनुगमनसम्बन्धि संयन्त्र विकास गरी सुझाउनु रहेको छ ।

गुणात्मक तथा परिणात्मक अनुसन्धानात्मक ढाँचामा आधारित भई गरिएको अध्ययनमा प्राथमिक र द्वितीय गरी दुई प्रकारका तथ्याङ्कका स्रोतहरु प्रयोग गरिएको छ । खराङ्ग गा.वि.स.मा सञ्चालित विद्यालयमा आधारित ४ र समुदायमा आधारित १ वटा बालविकास केन्द्रको सहयागी कार्यकर्ता, अभिभावक, केन्द्र व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरीक्षक, स्रोत व्यक्तिहरूलाई मुख्यतया सूचना सङ्कलनको प्राथमिक स्रोतका रुपमा लिइएको छ भने विद्यार्थी हाजिरी पुस्तिका, वार्षिक परीक्षाको मार्कलेजर, यस अध्ययन सँग सम्बन्धित अनुसन्धान प्रतिवेदनहरु, लेख, रचना आदिलाई यस अध्ययनमा तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ । संरचनात्मक अन्तर्वार्ता, अवलोकन फारम, दस्तावेज पुनरावलोकन जस्ता तथ्याङ्क सङ्कलनका विधि र साधानहरु प्रयोग गरिएको छ ।

प्राप्त तथ्याङ्क र सूचनाको आधारमा हेर्दा बालविकास केन्द्रको संख्यात्मक बृद्धि सँग सगै गुणात्मक बृद्धि भएको पाइएन । बालविकास केन्द्रको भौतिक अवस्था राष्ट्रिय न्यूनतम मापदण्ड अनुरुप छैन । बालविकास केन्द्रमा सिकाई क्षेत्रको निर्माण भएको पाईएन । बालविकास केन्द्रमा केन्द्र व्यवस्थापन समिति भएता पनि पहिले कै समिति कार्यरत भएको पाइयो, त्यसको पुनर्गठन भएको छैन । केन्द्र व्यवस्थापन समिति र अभिभावकहरु सकृय रुपमा क्रियाशील भएको पाइएन । अधिकांश सहयोगी कार्यकर्ता तालिम प्राप्त र माध्यमिक शिक्षा उत्तीर्ण भएको पाइयो ।

समुदायिमा आधारित भन्दा विद्यालयमा आधारित केन्द्रमा बालविकास संख्या राम्रो देखियो । अभिभावक शिक्षाको अभाव देखियो । अनुगमनको स्थिति हेर्दा स्थानीय संघ संस्थाले लगानी गरेको बालविकास केन्द्रमा केही सन्तोषजनक पाइयो । विद्यालयमा आधारित बालविकास केन्द्रको

अनुगमनको अवस्था केही राम्रो पाइयो । स्रोतकेन्द्र, जिल्ल शिक्षा कार्यालय लगायत अन्य संघसंस्थाबाट कम मात्रामा अनुगमन गरेको पाइयो । स्थानीय निकायबाट अनुगमन गरेको पाईएन साथै स्थानिय निकायले केन्द्र सञ्चालन गर्न अनुमति र स्वीकृति दिने तर बालविकास केन्द्रमा लगानी गरेको पनि पाइएन । बालविकास केन्द्रका समस्या तथा चुनौतिहरु धेरै पाइयो, जसलाई समाधान गर्न सम्बन्धित निकायले चासो दिएको पाइएन ।

अनुगमनलाई प्रतिफल मूलक बनाउन सरकारले सबै तहमा नीतिगत रुपमा संयन्त्र विकास गर्नु पर्दछ । जिल्ला शिक्षा कार्यालयमा बालविकास निरीक्षण तथा अनुगमन शाखा गठन गर्नुपर्दछ । बालविकास केन्द्रलाई विद्यालय संरचना भित्र ल्याउनु पर्छ । केन्द्र सञ्चालन समयलाई बिहान १० बजे देखि गर्ने व्यवस्था गर्नुपर्दछ । वर्तमान समयमा लागू भइरहेको नीति तथा नियमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ । स्थानीय निकायलाई अनुगमन गर्न जिम्मेवार बनाउनु पर्दछ । अभिभावक शिक्षा लागु गर्नुपर्छ । बालविकास केन्द्रको प्रभावकारीता, अनुगमनको प्रभावकारिता, यसको समस्या तथा समाधानका उपायहरू, बालविकास केन्द्रको भौतिक पूर्वाधारले सिकाइमा पार्ने प्रभाव, खाजा कार्यक्रमले बालविकासको नियमिततामा पार्ने प्रभाव लगायत अन्य पक्षका बारेमा अनुसन्धान सरकारी निकाय र अन्य पक्षबाट गरिनु पर्दछ ।

शोधार्थी

# विषयसूची


| विवरण | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कतज्ञता | III |
| शोधसार | IV |
| सङ्क्षिप्त शब्दबली | VI |
| विषयसुचि | VIII |


## परिच्छेद एक :
## परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ मुख्य शब्दहरुको परिभाषा | ८ |


## परिच्छेद दुई :
## सम्बन्धित साहित्यको पुनराबलोकन तथा सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनराबलोकन | ११ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १९ |
| २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग | २१ |

## परिच्छेद तीन :

## अध्ययन विधि र प्रकृया


३.१ अनुसन्धानात्मक ढाँचा २२

३.२ जनसंख्या र नमूना छनौट २३

३.३ तथ्याङ्कको स्रोतहरु २४

३.४ तथ्याङ्क सङ्कलनका साधनहरु २५

३.५ तथ्याङ्क सङ्कलन विधि २६

३.६ तथ्याङ्क विश्लेषण विधि २७


## परिच्छेद चार :

## नतिजाको छलफल


४.१ बालविकास केन्द्रको अनुगमनको वर्तमान स्थिति २८

४.१.१ बालविकास केन्द्र अनुगमनको स्थिति ३०

४.१.२ बालविकास केन्द्रको भौतिक स्थिति ३१

४.१.३ बालविकास केन्द्रको आर्थिक स्थिति ३२

४.१.४ बा.वि.के.को खेल, सिकाई सामाग्री, सिकाई क्षेत्र र अभिलेखको स्थिति ३३

४.१.५ बालवालिकाको संख्या र केन्द्र खुल्ने दिन ३४

४.१.६ मानवीय पक्षको स्थिति ३९

४.२ विद्यालय र समुदायमा आधारित बा.वि.के.को प्रभावकारिताको तुलनात्मक विश्लेषण ३९

४.२.१ विद्यालयमा आधारित बा.वि.के.को प्रभावकारिताका स्थिति ४०

४.२.२ समुदायमा आधारित बा.वि.के.को प्रभावकारिताका स्थिति ४२

४.३ प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको समस्या र समाधान ४३

४.३.१ प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको समस्याहरु ४३

४.३.२ समस्या समाधानका लागि सुझाबहरु ४५

परिच्छेद पाँच :

निष्कर्ष र सुझावहरु


५.१ निष्कर्ष ५०

५.२ सुझावहरु ५२

सन्दर्भ सूची

अनुसूचीहरु

# सङ्क्षिप्त शब्दाहरूको परिभाषा

| | |
|---|---|
| अ.गै.स.सं. | अन्तराष्ट्रिय गैर सरकारी संस्था |
| आइ.ए. | इन्टरमिडियट अफ आर्टस |
| आ.व. | आर्थिक वर्ष |
| आर.एस.डि.सी | रुरल सोसाईटी डेभलेपमेन्ट सेन्टर |
| ई.सि.डि. | अर्ली चाइल्डहुड डेभलेपमेन्ट |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एम.ए | माष्टर अफ आर्टस |
| एस.एल.सी | स्कूल लिभिङ सर्टिफिकेट |
| के.व्य.स. | केन्द्र व्यवस्थापन समिति |
| के.त.वि. | केन्द्रिय तथ्याङ्क विभाग |
| गा.वि.स. | गाँउ विकास समिति |
| गै.स.सं. | गैर सरकारी संस्था |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.शि.का | जिल्ला शिक्षा कार्यालय |
| न.पा. | नगरपालिका |
| नि.मा.वि | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.बा.वि.का. | प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम |
| प्रा.बा.शि.वि.के | प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.ए. | व्याचलरर्स अफ आर्टस |
| वि.सं. | विक्रम सम्बत |
| वि.क्षे.सु.यो. | विद्यालय क्षेत्र सुधार योजना |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.नि. | विद्यालय निरीक्षक |
| मा.वि. | माध्यमिक विद्यालय |

| | |
|---|---|
| युनिसेफ | युनाइटेड नेशन्स चिल्ड्रेन्स फण्ड |
| युनेस्को. | युनाइटेड नेशन्स एजुकेशन साइन्स एण्ड कल्चर अर्गनाइजेशन |
| स.का. | सहयोगी कार्यकर्ता |
| सिविन | नेपाल बालमजदुर सरोकार केन्द्र |
| सिसिडिए | चाइल्ड सेन्टर कम्युनिटी डेभलपमेन्ट एप्रोच |
| सेरिड | रिसर्च सेन्टर फर एजुकेशनल इनोभेसन एण्ड डिभलेपमेन्ट |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| स्रो.व्य. | स्रोतव्यक्ति |
| शि.अ.संघ | शिक्षक अभिभावक संघ |
| शै.स. | शैक्षिक सत्र |

# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जीवनमा जन्म देखि पाँच वर्ष भित्रका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक क्षमताको समानुपातिक विकासलाई नै समष्टिगत रुपमा प्रारम्भिक बाल शिक्षा तथा विकास भनिन्छ । बालबालिकाको उमेर अनुसार विकास क्रम पनि फरक फरक हुन्छ । जीवनको पहिलो पाँच वर्षको उमेरलाई मानव विकास क्रममा अति महत्वपूर्ण समय मानिन्छ । यस उमेरमा जुन किसिमको अवधारणा बन्दछ, त्यस अवधारणाले पूर्ण मावन विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले भनिन्छ, पाँच वर्ष सम्मका बालबालिकाको विकासमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । प्रारम्भिक बाल्यावस्था औपचारिक विद्यालय पढ्न जानुभन्दा अगाडिको उमेर हो । बालबालिकाहरुलाई प्रारम्भिक बाल्याबस्थाको अन्त्यमा विद्यालय भर्ना हुनु पर्ने हुन्छ । बालबालिकाहरुले पाँच वर्ष मुनि नै भविष्यमा सिक्नुपर्ने सिकाइका अवधारणहरु सिक्ने मौका पाउनु पर्छ । फलस्वरुप उसको जीवनमा सिकाइ काम लाग्ने हुनु जान्छ साथै समस्या समाधान गर्ने क्षमता पनि बढ्छ ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम अन्तर्गत प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमहरुको सम्बन्धमा गरिएका अध्ययनहरुले पनि गरिवी प्रभावित क्षेत्रमा यो कार्यक्रम सञ्चालन तथा विस्तार गर्नु धेरै महत्वपूर्ण रहेको पुष्टि गरेका छन् । अभिभावकहरुलाई आय-आर्जनका क्रियाकलापमा संलग्न हुन फुर्सद दिने र विद्यालयमा उमेर नपुगेका विद्यार्थी भर्ना गर्नुपर्ने स्थितिलाई रोक्न मद्दत गर्ने भएकोले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमले गरिवीको चपेटालाई कम गर्न सघाउ पुऱ्याएको छ । प्राथमिक उमेरका बालबालिकाको भाइबहिनीहरुको रेखदेख गर्नुपर्ने जिम्मेवारी कमी आई विद्यालयमा पढ्ने वातावरण तयार गर्न थालेको छ । अहिले देशभर ३१ हजार ८९ वटा समुदाय तथा विद्यालयमा आधारित प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । (शिक्षा विभाग २०१०/०११, फ्लाश रिपोर्ट) । तिनीहरुको शिक्षा विभाग जिल्ला शिक्षा कार्यालयबाट

स्रोत केन्द्रहरु मार्फत प्राविधिक सहयोग पाईरहेका छन् । यति मात्र केन्द्रहरु तीन देखि पाँच वर्षबीचमा सबै बालबालिकालाई समावेश गरी सेवा पु¥याउन प्रयाप्त छैनन्।

अहिले सरकार कोटामा परेका प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरुमा जिशिका तथा शिक्षा विभागबाट सहयोगी कार्यकर्ताको पारिश्रमिकका लागि मासिक रु दुई हजार चार सय स्थापना भएको वर्ष स्थापना खर्च एक हजार र प्रत्येक वर्ष केन्द्र व्यवस्थापन खर्च एक हजार उपलव्ध गराउने गरेको देखिन्छ । प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लागि अरु कुनै आम्दानीको भरपर्दो बाटो देखिदैन । केहि केन्द्रहरुमा जिविस, गाविस र नगरपालिकाहरुले जस्तापाता र केहि निर्माण सामाग्री उपलव्ध गराउछन् । यस बाहेक विभिन्न गैरसरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रका साझेदारहरु र स्थानीय समूहहरुले निर्माण गर्न र जोडकोष संकलन गर्न मद्दत गर्दछन् ।

नेपाल भरी नै सञ्चालन भएको प्रारम्भिक बाल शिक्षा तथा विकासलाई अगाडी बढाउन सेतो गुँरास बालविकास सेवाले अग्रणी भूमिका निर्वाह गरेको पाईन्छ । यसका लागि समुदाय, सरकारी निजी क्षेत्रबाट कार्यक्रमहरु सञ्चालन भईरहेको पाईन्छ भने प्राविधिक तथा क्षमता अभिवृद्धिको लागि गैरसरकारी संस्थाहरुको योगदान पनि उल्लेख्य रहेको छ । बालबालिकालाई विद्यालयमा जाने वातावरण र उनीहरुको सर्वाङ्गीण विकास हुने भएकोले प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको लोकप्रियता बढेको पाईन्छ ।

प्रारम्भिक बाल विकास सम्बन्धी निर्देशिका, २०६१ अनुसार निरीक्षण तथा अनुगमन सम्बन्धमा मुख्यरुपले देहाय बमोजिमको व्यवस्था गरिएको छ :

१) राष्ट्रियस्तरमा शिक्षा मन्त्रालय र शिक्षा विभाग, क्षेत्रीयस्तरमा क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्लामा जिल्ला शिक्षा कार्यालयले आ–आफ्नो कार्यक्षेत्र भित्र सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमको सामान्य निरीक्षण तथा अनुगमन गर्नेछन् ।

२) जिल्ला विकास समिति, गाँउ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको प्रारम्भिक बालविकास कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्नेछन् ।

३) बाल विकास केन्द्र व्यवस्थापन समितिले केन्द्र नियमित सन्चालनको अनुगमन र निरीक्षण गर्नेछ ।

४) आबद्धता लिने विद्यालयले नियमितरुपमा अनुगमन निरीक्षण गर्नेछ ।

५) प्रत्येक स्तरको निरीक्षण र अनुगमनका लागि सुचकहरु पहिचान गरिनेछ ।

६) संघ संस्थाहरुले आफ्नो सहयोगमा सञ्चालन भएको र सम्झौता अनुसार जिम्मेवारी पाएको प्रारम्भिक बालविकास कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्नेछन् ।

७) सबै क्षेत्रबाट भएको निरीक्षणको प्रतिवेदन निरीक्षण गर्ने व्यक्तिले आ आफ्नो कार्यालय र एक तह माथिको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ । (प्रारम्भिक बालविकास सम्बन्धी निर्देशिका (२०६१) ।

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शक पुस्तिका (२०६७) का अनुसार बालविकास केन्द्रको निरीक्षकले केन्द्र स्थापना गरेका शुरुको १२ महिना सम्म प्रत्येक केन्द्रको राम्रो व्यवस्था गर्न अति सुक्ष्म अनुगमन र निरीक्षण गर्नु पर्ने हुन्छ । तसर्थ स्थानीय स्तरमा बालविकास केन्द्र निरीक्षणका लागि एक निरीक्षण राख्न सकिने र प्रत्येक केन्द्रमा केन्द्र निरीक्षकले कम्तिमा एक हप्ता सम्म एउटा केन्द्रलाई समय दिई केन्द्र सञ्चालनमा सहयोग पुऱ्याएको हुनुपर्छ । यसो हुन नसकेमा नजिकको स्रोतकेन्द्रका स्रोतव्यक्तिबाट र विद्यालयको प्र.अ. बाट पनि निरीक्षण गर्न सकिने उल्लेख छ । हरेक केन्द्रको प्रशासनिक, लेखा, भवन, खेलौना, सिकाई सामग्रीहरूको व्यवस्था भई सकेको भएमा
सुरुको वर्षमा प्रत्येक महिनामा १ पटक केन्द्रको अनुगमन र निरीक्षण गरिएको हुनुपर्छ । केन्द्रको सम्पूर्ण सामग्रीहरू रुजु गरी रेकर्ड राखिएको हुनुपर्छ । बालविकास केन्द्रको अनुगमन गर्ने सबै भन्दा पहिलो जिम्मेवारी व्यवस्थापन समिति र अभिभावकबाट हुनु पर्दछ । त्यसपछि जिल्ला शिक्षा कार्यालयको स्रोत व्यक्ति प्रमुख जिम्मेवार हुनु पर्छ । शिक्षा मन्त्रालय, शिक्षा विभाग, दातृसंस्थाहरू र स्थानीय गैर सरकारी संधसंस्थाले पनि बालविकास केन्द्र अनुगमन गर्ने कुरा उल्लेख छ ।

## १.२ समस्याको कथन

राष्ट्रको शैक्षिक स्तर उकास्नका लागि औपचारिक तथा अनौपचारिक शिक्षाको अहम् भूमिका हुन्छ । शिक्षा दिंगो विकासको लागि आधार हो । शैक्षिक जागरणले देशको सर्वाङ्गीण विकास ठूलो योगदान गरेका हुन्छ । यसै परिप्रेक्ष्यमा राष्ट्रले सबैका लागि आधारभूत शिक्षाको अवसर प्रदान गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारमा प्रमुखताका साथ कार्य गरिरहेको छ ।

बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि नेपाल सरकारको निकायको रुपमा शिक्षा मन्त्रालय तथा शिक्षा विभाग साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत प्रशस्त मात्रामा लगानी गरिरहेका छन् । यद्यपि प्रारम्भिक बालशिक्षा तथा विकास कर्याक्रममा जनसहभागिता हुन नसकेको, समुदायको वास्तविक आवश्यकता सँग तालमेल गर्न नसकेको, कार्यक्रमका लागि भइरहेका लगानी पारदर्शी हुन नसकेको, कर्याक्रमले वास्तविक रुपमा अपेक्षित प्रतिफल र समुदायमा छाप छाड्न नसकेको गुनासाहरू जनसमुदायमा आइरहेको पाइन्छ । यो शोध अनुसन्धान निम्न समस्याहरुमा आधारित रहेर अगाडि बढेको छ :

१. प्रारम्भिक बालविकास केन्द्रको अनुगमनको वास्तविक समस्याहरू के के हुन् ?
२. यसलाई कसरी व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिन्छ ?
३. केन्द्रय, जिल्ला, स्थानीय स्तरमा बा.वि.के. अनुगमनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?
४. बालविकास केन्द्रका समस्या तथा चुनौतिहरूलाई समाधान गर्न अनुगमनको कस्तो भूमिका रहेको हुन्छ ?

## १.३ अध्ययनको औचित्य

तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकहरूको सामाजिक, बौद्धिक, शारीरिक तथा संवेगात्मक विकास गर्ने, बालविकासहरूको स्वास्थ्य तथा पोषणमा ध्यान दिने, तिनीहरूलाई सिर्जनशिल हुन प्रेरित गर्ने र कक्षा १ का लागि पूर्व तयारी गर्ने उद्देश्यले प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू सञ्चालन गरिन्छ । तथापि प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू सञ्चालन भएको ठाउँमा यसको प्रभावकारीता के कस्तो छ, लगानी अनुरुपको प्रतिफल प्राप्त भईरहेको छ वा छैन, समुदायमा के कस्तो प्रभाव परेको छ, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका र उक्त सुविधा नपाई सोझै विद्यालय गएका बालबालिकाको सिकाई उपलब्धिमा भिन्नता, बालविकास केन्द्र सञ्चालनमा निरीक्षण तथा अनुगमनको प्रभावकारीता आदि बारेमा कमै मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ ।

वास्तवमा प्रारम्भिक  बाल शिक्षा तथा विकास बालबालिकाको सर्वाङ्गीण विकासको निम्ति खाना र आवास जस्तै महत्वपूर्ण हुन्छ । साना उमेरका बालबालिका प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा पठाउदा एकातिर उनीहरूको चौतर्फी विकासमा मद्दत पुग्दछ भने अर्को तिर उनीहरुको आमाबाबु तथा परिवार ठूला सदस्यहरू टाढा टाढाका काम तथा आय आर्जन सम्बन्धी क्रियाकलापहरूमा संलग्न हुने अवसर प्राप्त भई परिवारलाई दोहारो फाइदा हुन्छ । प्रारम्भिक उमेरको अनुभवहरू भनेको मानव जीवन विकासका आधारहरू हुन । प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभवन विना प्राथमिक  तथा आधारभूत शिक्षामा भर्ना हुने बालबालिकहरू बढी कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने सम्भावना बढी रहन्छ र प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभवन लिएका बालबालिकाले तुलनात्मक रुपमा प्राथमिक तथा आधारभूत तहमा राम्रो नतिजा ल्याएका छन् । यो कुरालाई विभिन्न अध्ययनहरूले देखाइसकेको छ । प्रारम्भिक बालशिक्षाले विद्यार्थी असफलताका कारण प्राथमिक शिक्षामा खेर गइरहेको लगानीलाई कम गर्न पनि मद्दत गर्दछ । नेपाल एउटा बाल अधिकार सम्बन्धी महासन्धीमा हस्ताक्षर गरेको राष्ट्रको हैसियतले हरेक बालबालिकाको सम्भाव्यता पूर्ण रुपमा प्रस्फुटन गर्न बाल शिक्षा तथा विकासका अवसरहरू प्रदान गर्नु सरकारको दायित्व रहन्छ, जसको लागि प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दछ ।

वर्तमान परिस्थितिमा प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारीताको सवालमा कमै मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ । बालविकास केन्द्र सञ्चालनमा रहेता पनि प्रभावकरी निरीक्षण तथा अनुगमन सम्बन्धित  निकायबाट नहुँदा नियमित रुपमा बालविकास केन्द्र सञ्चालन हुन सकेको छैन । कतिपय बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले बालविकास केन्द्र नै सञ्चालन नगरी तलब तथा अन्य सुविधा लिँदै आएका छन् । बालविकास केन्द्रमा अनावश्यक राजनीति तथा राम्रो होइन हाम्रो मान्छे स.का.मा. नयुक्ति गर्ने गलत स्वर्थका कारण बा.वि.के. सञ्चालनमा समस्या देखिएको छ । लगानी अनुरुपको वास्तविक प्रतिफल सेवाग्राहीले पाएका छन् कि छैनन्, सेवाप्रदायक संस्था यस कुरामा सचेत छन् कि छैनन् भन्ने सवालमा आधारित भएर प्रभावकारीताका अध्ययन गर्न पनि आवश्यक ठानिएको छ ।

बालविकास केन्द्रको निरीक्षण तथा अनुगमनको वर्तमान अवस्था के कस्तो छ ? सरकारी तथा गै.स.सं. ले गर्ने निरीक्षण तथा अनगमनको बीचमा के कस्ता फरक छन् ? समुदायमा आधारित र

विद्यालयमा आधारित बा.वि.के.मा निरीक्षण तथा अनुगमनको अवस्था कस्तो छ ? बा.वि.के. निरीक्षण तथा अनुगमनका समस्या तथा चुनौतिहरु के के हुन् र यसको समाधान करी गर्न सकिन्छ भन्ने बारेमा यस अध्ययनले पृष्ठपोषण तथा मार्ग निर्देशक दिनेछ । सरकारले बालविकास केन्द्र सञ्चालनमा धेरै लगानी गरेता पनि अझै पर्याप्त छैन । बालविकास केन्द्रके संख्यात्मक बृद्धिले मात्र यसका उद्देश्य पुरा हुदैन । यसको गुणात्मक पक्षलाई विशेष ध्यान दिनु पर्ने हुन्छ । गुणस्तरता अभिबृद्धिमा विविध पक्षले प्रभाव पारिरहेको हुन्छ । ती तथ्यहरूको पहिचान गरी यथार्थ सुझबहरू दिन निरीक्षण तथा अनुगमन र मूल्याङ्कन सँगै प्रतिवेदनको पनि महत्वपूर्ण भूमिका हुन्छ । बालविकास केन्द्रको निरीक्षण तथा अनुगमन कार्यलाई उद्देश्यमूलक, प्रतिफलमूलक बनाउन र प्रभावकारी रुपमा बा.वि.के. सञ्चालन गर्न यो अध्ययनले सकारात्मक भूमिका खेल्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न लिखित उद्देश्यहरु रहेका छन् :

१. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुगमनको बर्तमान स्थितिको पत्ता लगाउनु,

२. समुदायमा आधारित र विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुगमनको तुलनात्मक अध्ययन गर्नु,

३. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुगमनमा देखिएका समस्याहरूको पहिचान गरी सुझाबहरू दिने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

माथि दिएका उद्देश्यहरू पूरा गर्न यो अध्ययन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूमा आधारित भई गरिएको छ ।

१. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अनुगमनको अवस्था कस्तो छ ?

२. समुदायमा आधारित र विद्यालयमा आधारित बा.वि.के.को अनुगमनको प्रभावकारीता कस्तो छ ?

३. बालविकास केन्द्र सञ्चालनमा के कस्ता समस्याहरू छन् ? ती समस्याका समाधानहरु कसरी गर्न सकिन्छ ?

४. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रलाई प्रभावकरी बनाउन केन्द्रीय, जिल्ला र स्थानीय तहमा कस्तो संयन्त्र हुनु पर्छ ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धाकर्ताले आफ्नो अनुसन्धान कार्यलाई निश्चित विषयमा सिमित गर्नका लागि उसले अनुसन्धान कार्यमा समावेश नगरेका कुराहरूलाई यो भागमा स्पष्ट रुपमा देखाउनु पर्दछ । हरेक अध्ययनका आ-आफ्नै सीमा हुन्छन् । प्रस्तुत अध्ययनलाई प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालनको अनुगमनको विषयमा केन्द्रित गरिएको छ ।

यस अध्ययनलाई समय, स्रोत र साधनको अपर्याप्तताका कारण यो अनुसन्धानलाइ निम्नानुसार सिमांकन गरिएको छ :

१. संखुवासभा जिल्लाको खराङ्ग गा.वि.स. का विद्यालयमा आधारित ४ वटा बालविकास केन्द्रहरू,

२. सोही गा.वि.स.मा समुदायमा आधारित १ वटा बालविकास केन्द्र,

३. प्रत्येक वालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरु

४. प्रत्येक बालविकास केन्द्रमा अध्ययन गर्ने वालवालिकाका १ १ जना गरी ५ जना अभिभावकहरु ।

५. छनौटमा परेका बा.वि.के. मध्ये ४ वटा विद्यालयका ४ जना प्र.अ.,

६. वि.व्य.स. अध्यक्ष ४  जना,

७. संस्थाका अनुगमनकर्ता १ जना

८. चैनपुर स्रोत केन्द्रका स्रोतव्यक्ति
९. वि.नि.१ जना ।

## १.७ मुख्य शब्दहरूको परिभाषा

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय ।

प्रारम्भिक बालविकास कार्यक्रम : प्राथमिक कक्षामा भर्ना हुनको लागि निर्धारित पाँच वर्ष उमेर पूरा भई नसकेको बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास लगायतका सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने कार्यक्रम भन्ने सम्झनु पर्छ ।

बालविकास केन्द्र : ३ देखि ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको चौतर्फी विकास गर्न २०–२५ जनाको समुहलाई खेल, गीत, कथा, चुटिकला, कविता, अभिनयको माध्यमबाट मनोरञ्जनपूर्ण वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन गरिने स्थानलाई बालविकास केन्द्र सम्झनु पर्छ ।

सहयोगी कार्यकर्ता : बालविकास केन्द्रमा बालबालिकाहरूलाई रेखदेख गर्ने, सक्रिय रुपमा सहजीकरण गर्ने व्यक्तिलाई सहयोगी कर्ता भनिन्छ ।

केन्द्र व्यवस्थापन समिति : बालविकास केन्द्रलाई नियमित रुपमा सञ्चालन, रेखदेख, आर्थिक व्यवस्थापन, मानवीय व्यवस्थापन लगायत विविध समस्याहरूको समाधान गर्नको लागि बालबालिकाहरूको अभिभावकहरू मध्येबाट निर्देशिका अनुसार गठन गरिएको व्यवस्थापन समितिलाई केन्द्र व्यवस्थापन समिति भनिन्छ ।

विद्यालय क्षेत्र सुधार योजना : यो योजना नेपाल सरकार, शिक्षा मन्त्रालय द्वारा परिलक्षित आधारभूत तथा माध्यमिक शिक्षाका लक्ष्य तथा उद्देश्यहरू

प्राप्त गर्न आ.व. २०६६/०६७ देखि २०७२/०७३ सम्मका लागि तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो।

कार्यान्वयन : बनाइएको योजना अनुसार नै कार्य गरी व्यवहारमा उतार्नुलाई कार्यान्वयन भनिन्छ ।

स्रोतकेन्द्र : विभिन्न सामुदायिक विद्यालयहरूको वार्षिक आय–व्ययको हिसाव किताबका अतिरिक्त विद्यार्थीहरूको तथ्याङ्क सङ्कलन वा अन्य शैक्षिक गतिविधिको रेखदेख गर्ने, पहिचान गरी सिफारिश गर्ने, शिक्षक तथा अभिभावकहरूलाई उचित सरसल्लाह दिने, समन्वय र सहयोग आदान प्रदान गर्नका लागि तोकिएको केन्द्रलाई स्रोतकेन्द्र भनिन्छ ।

स्रोतव्यक्ति : तोकिएको स्रोतकेन्द्रमा रहेका निजी र सामुदायिक विद्यालयमा सहयोग तथा सहजीकरण गर्न कार्यालयको प्रतिनिधीका रुपमा प्र.अ. हरूले चयन गरेको वा नियमानुसार नियुक्ति गरिएको व्यक्तिलाई स्रोतव्यक्ति भनिन्छ ।

विद्यालय निरीक्षक : विद्यालयको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न सरकार द्वारा नियुक्त जिल्ला शिक्षा कार्यालयको कर्मचारीलाई बुझाउछ ।

प्रधानाध्यापक : विद्यालयमा अध्यापन र व्यवस्थापन गर्ने प्रमुख व्यक्तिलाई प्रधानाध्यापक भनिन्छ ।

अभिभावक : विद्यालयमा अध्ययन विद्यार्थीका अभिभावक भनी विद्यालय अभिलेखमा उल्लेख भएका व्यक्तिहरू नै अभिभावक हुन ।

विद्यालय व्यवस्थापन समिति : सामुदायिक तथा संस्थागत विद्यालयलाई सञ्चालन र व्यवस्थापन गर्न प्रमुख जिम्मेवारी पाएको समितिनै विद्यालय व्यवस्थापन समिति हो।

शिक्षक अभिभावक संघ : अभिभावकहरूको सहभागितामा वृद्धि गराउन, विद्यालयको शैक्षिक गुणस्तर कायम राख्न, नियम बमोजिम शुल्क निर्धारण तथा आर्थिक गतिविधि भए नभएको हेर्न तथा

| | | |
|---|---|---|
| | | विद्यालय व्यवस्थापन समितिले नियमित कार्य गरेन गरेको अनुगमन गरी सुझाब प्रदान गर्ने उद्देश्यले विद्यालयमा बनाइएको शिक्षक र अभिभावक सम्मिलित संगठन नै शिक्षक अभिभावक संघ हो । |
| समुदायमा आधारित बालविकास केन्द्र | : | समुदायले सञ्चालन तथा व्यवस्थापन गर्ने बालविकास केन्द्रलाई समुदायमा आधारित बालविकास केन्द्र भनिन्छ । |
| विद्यालयमा आधारित बालविकास केन्द्र | : | विद्यालयले सञ्चालन तथा व्यवस्थापन गर्ने बालविकास केन्द्रलाई विद्यालयमा आधारित बालविकास केन्द्र भन्छि । |
| फोकल पर्सन | : | जिल्ला शिक्षा कार्यालयमा बालविकास सम्बन्धी कार्य गर्न तोकिएको अधिकृतलाई बालविकास फोकल पर्सन भनिन्छ । |
| समुदाय | : | समाजको विकासमा क्रियाशील विभिन्न संघ संस्था वा व्यक्तिहरूको समूह सम्झनु पर्दछ । |

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनराबलोकन

कुनै पनि अध्ययन अनुसन्धान गर्न लागिएको विषयमा यस भन्दा अगाडि नै कुनै व्यक्ति संघसंस्था वा निकायबाट शोध अध्ययन भएको वा नभएको वारे जानकारी प्राप्त गर्ने तथा शोध अध्ययन भएको भए उक्त अध्ययनले जानकारीमा ल्याएका तथ्यपूर्ण कुराहरू र प्रकाशमा ल्याउन नसकेका विषयबस्तुहरू बारे समीक्षा गर्ने कार्यलाई नै सम्बन्धित साहित्यको पुनरावलोकन भनिन्छ । त्यसको लागि विशेष गरेर अध्ययनको विषय सँग सम्बन्धित लेख, रचना शोधपत्र आदीका बारेमा समिक्षा तथा विश्लेषण गरिन्छ, जसबाट अनुसन्धानकर्तालाई आफ्नो अध्ययनको विषयको महत्व र गहनता बोध गर्न टेवा पुग्दछ । अतः सम्बन्धित साहित्यको पुनराबलोकनले यस अनुसन्धानात्मक कार्यको औचित्य पुष्टि गर्ने भएकोले सम्बन्धित लेखहरूको समिक्षात्मक अध्ययनलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

(क) विद्या : शोधपत्र
शीर्षक : प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभावकारिता
शोधकर्ता : उदय राई
शोधवर्ष : २०६७

राई (२०६७) ले मकवानपुर जिल्लामा “प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको प्रभावकारी” शीर्षक शोधपत्र तयार गर्नु भएको छ । यो अध्ययन मुख्य उद्देश्य प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रको प्रभावकारीता खोजी गर्नु रहेको छ । प्रारम्भिक बालविकास केन्द्र हुदै विद्यालय गएका र केन्द्र नगई सोझै विद्यालय गएका बालबालिकाको तुलनात्मक विश्लेषण गरिएको छ । गुणात्मक तथा परिमाणात्मक अनुसन्धानात्मक ढाचामा आधारित भई गरिएको अध्ययनमा प्राथमिक र द्वितीय गरी दुई प्रकारका तथ्याङ्क स्रोतहरु प्रयोग गरिएको थियो । प्रारम्भिक बालविकास केन्द्रको सुविद्या पाएका र नपाएका पाँच वटा विद्यालयमा अध्ययनरत छानिएका पचास जना विद्यार्थीलाई

मुख्यतया : सूचना सङ्कलनको प्राथमिक स्रोतका रुपमा लिइएको थियो भने विद्यार्थी हाजिरी पुस्तिका, वार्षिक परीक्षाको मार्कलेजर, यस अध्ययन सँग सम्बन्धित अनुसन्धान प्रतिवेदनहरू लेख, रचना, आदिलाई यस अध्ययनमा तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको थियो । संरचनात्मक अन्तर्वार्ता, अवलोकन फारम, दस्तावेज, पुनराबलोकन, मामिला अध्ययन जस्ता तथ्याङ्क सङ्कलनका विधि र साधनहरू प्रयोग गरिएको थियो । अध्ययनबाट प्राप्त तथ्याङ्क र सूचनाको आधारमा हेर्दा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा प्राप्त गरी विद्यालय प्रवेश गर्ने बालबालिकाहरू शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक हिसावले सुविधा अप्राप्त विद्यार्थीहरूको तुलनामा सक्रिय देखिएको छ । विद्यलायमा पढेका कुरा घरमा सुनाउने, समूहमा मिलेर बस्ने, नबुझेको कुरा निर्धक्क सँग अरूलाई सोध्ने, आफूभन्दा ठूलोलाई आदर गर्ने, सरसफाई गर्ने, असल बोली र व्यवहार तथा अतिरिक्त क्रियाकलापमा सक्रियता आदी जस्ता सिकाई र व्यवहार परिवर्तनका कुराहरूमा सुविधा नपाएका भन्दा सुविधा पाएका बालबालिकाहरूमा बढी परिवर्तन र सुधार भएको देखिएको छ ।

कक्षोन्नति दर बढी हुनु तथा कक्षा दाहोऱ्याउने र विद्यलाय छाड्ने दर कम हुनुलाई शैक्षिक गुणस्तर वृद्धि वा सुधारको सूचकको रुपमा लिन सकिन्छ । सुविधा नपाएका बालबालिका भन्दा पाएका बालबालिकाको कक्षोन्नति दर राम्रो देखिएको छ । त्यसैगरी सुविधा नपाएका बालबालिक भन्दा सुविधा पाएका बालबालिकाको कक्षा दोहोऱ्याउने दर ज्यादै न्यून रहेको छ । साथै सुविधा न्यून नपाएका बालबालिका भन्दा सुविधा पाएका बालबालिकाको विद्यालय छाड्ने दर समेत न्यून देखिएको छ । तसर्थ प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको प्रभाव उपलब्धिमूलक रहेको देखिन्छ ।

नीतिगत रुपमा प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमलाई संस्थागत गर्न स्थानीय निकाय, समुदाय र व्यवस्थापन समितिलाई सशक्त, जिम्मेवार बनाउने प्रणालीको विकास गर्न सर्वप्रथम नेपाल सरकारले जारी गरेका प्रारम्भिक बालविकास निर्देशिका, रणनीतिपत्र विद्यालय क्षेत्र सुधार योजना आदी जस्ता सरकारी नीति र कार्यक्रममा उल्लेख भएका प्राबधानहरूको आधारमा केन्द्र व्यवस्थापन समिति तथा स्थानीय सरकारले स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालय सँगको समन्वयमा केन्द्र सञ्चालन, अनुगमन सम्बन्धि नीति तय गरी सोही नीति अनुसार विकास साझेदार संस्थाहरूले सहयोग गर्ने खालको एकद्वार प्रणाली नीति बनाउन आवश्यक देखिन्छ । साथै प्रारम्भिक

बालशिक्षा तथा विकास कार्यक्रमलाई विद्यालय संरचना भित्र समावेश गर्ने सरकारी नीति बन्नु पर्छ ।

यस राष्ट्रिय, जिल्ला, तथा गा.वि.स./न.पा. तहसम्म तय भएका नीति तथा कार्य नीतिहरू केन्द्रहरूको गुणस्तर सुधार र दींगोपनको निम्ति प्रभावकारी रुपमा अभ्यास गराउन गा.वि.स. र जि.वि.स. स्तरीय प्रारम्भिक बालविकास संयन्त्र निर्माण गरी आवधिक रुपमा केन्दं अनुगमन, छलफल तथा अन्तरक्रिया भइरहनु आवश्य छ । साथै कार्यक्रमको प्रभाव, सवाल, चुनौती आदी शीर्षकमा समय र सन्दर्भ अनुसार अध्ययन अनुसन्धान भइरहनु जरुरी देखिन्छ भन्ने कुराहरूलाई सुझावको रुपमा प्रस्तुत गरेका छन् (राई, २०६७) ।

(ख) विद्या : शोधपत्र

शीर्षक : सिकाई उपलब्धी बृद्धिमा बाल विकास केन्द्रको भूमिका

शोधकर्ता : चन्द्र रेग्मी

शोधवर्ष : २०६४

रेग्मी (२०६४) ले पृथ्वीनगर स्रोतकेन्द्र झापाको कक्षा १ को सिकाइ उपलब्धी वृद्धिमा बालविकास केन्द्रको भूमिका एक अध्ययन विषयमा शोधपत्र तयार पार्नु भएको थियो । जसमा पृथ्वीनगर स्रोतकेन्द्रमा कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये बालविकासबाट कति भर्ना भएका छन् पत्ता लगाउने, बालबालिकाबाट भर्ना भएका र सिधै भर्ना भएका बालबालिकाको सिकाई उपलब्धी पत्ता लगाई तुलना गर्ने, बालबालिकाले प्राप्त गरेको सिकाई उपलब्धी र बालविकास केन्द्रको सम्बन्धको अध्ययन गर्ने, बालविकास केन्द्रको समस्या पहिचान गरी समाधानको उपाय पत्ता लगाउने उद्देश्यहरू राखिएका थिए । सो अध्ययन पृथ्वीनगर स्रोतकेन्द्र अन्तर्गत पर्ने पृथ्वीनगर, पाठामारी र बनियानी गरी ३ वटा गा.वि.स. भित्र पर्ने २० वटा सामुदायिक समुह विद्यालयका कक्षा १ का विद्यार्थीहरूमा सीमित गरिएको थियो । २० विद्यालयहरू मध्ये Random Samplisng Method द्वारा नमुना छनौटमा परेका ५ वटा विद्यालयका प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूबाट प्रश्नावली र अन्तरबार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरी अध्ययन भएको पाइयो ।

यस अनुसन्धानबाट प्राप्त परिणमहरू यस प्रकार थिए । वर्षेनी बा.वि.के.को संख्या र यसबाट कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्यामा वृद्धि भएको, व्यापक प्रचार प्रसारको अभावमा बा.वि.स.को उद्देश्य र महत्व थाहा नभएको कारणले सबै अभिभावकले बच्चालाई बा.वि.के. मा भर्ना गर्न नल्याएको, सिधैं भर्ना भएका बालबालिकाको तुलनामा बा.वि.के बाट कक्षा १ मा भर्ना भएका विद्यार्थीको नियमिततादर उच्च र कक्षा छाड्ने दर न्यून रहेको, सिकाइ उपलब्धीदर र प्रथम तथा द्वितीय श्रेणीमा उत्तीर्णदरमा बृदि भएको, अशिक्षित अभिभावकको तुलनामा शिक्षित अभिभावकको बालबालिकाको बा.वि.के.मा भर्नादर उच्च पाइएको । यस अनुसन्धानको निष्कर्ष यस प्रकार थिए । कक्षा १ को सिकाई उपलब्धीदर वृद्धि गर्न बा.वि.के.ले महत्वपूर्ण र सकारात्मक भूमिका खेलेका हुन्छन् । बा.वि.के.को भूमिकालाई परिणममुखी बनाउन यसको उद्देश्य र महत्वपूर्ण व्यापक प्रचार प्रसार गरी सम्बन्धित सबैको जनचेतनामा अभिवृद्धि गराउनु पर्ने (रेग्मी २०६४) ।

रेग्मी (२०६४) ले पृथ्वीनगर स्रोतकेन्द्र झापाको कक्षा १ को सिकाइ उपलब्धी वृद्धिमा बालविकास केन्द्रको भूमिका एक अध्ययन विषयमा शोधपत्र तयार पार्नु भएको थियो । जसमा पृथ्वीनगर स्रोतकेन्द्रमा कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये बालविकासबाट कति भर्ना भएका छन् पत्ता लगाउने, बालबालिकाबाट भर्ना भएका र सिधै भर्ना भएका बालबालिकाको सिकाई उपलब्धी पत्ता लगाई तुलना गर्ने, बालबालिकाले प्राप्त गरेको सिकाई उपलब्धी र बालविकास केन्द्रको सम्बन्धको अध्ययन गर्ने, बालविकास केन्द्रको समस्या पहिचान गरी समाधानको उपाय पत्ता लगाउने उद्देश्यहरू राखिएका थिए । सो अध्ययन पृथ्वीनगर स्रोतकेन्द्र अन्तर्गत पर्ने पृथ्वीनगर, पाठामारी र बनियानी गरी ३ वटा गा.वि.स. भित्र पर्ने २० वटा सामुदायिक समुह विद्यालयका कक्षा १ का विद्यार्थीहरूमा सीमित गरिएको थियो । २० विद्यालयहरू मध्ये Random Samplisng Method द्वारा नमुना छनौटमा परेका ५ वटा विद्यालयका प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूबाट प्रश्नावली र अन्तरबार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरी अध्ययन भएको पाइयो ।

यस अनुसन्धानबाट प्राप्त परिणमहरू यस प्रकार थिए । वर्षेनी बा.वि.के.को संख्या र यसबाट कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्यामा वृद्धि भएको, व्यापक प्रचार प्रसारको अभावमा बा.वि.स.को उद्देश्य र महत्व थाहा नभएको कारणले सबै अभिभावकले बच्चालाई बा.वि.के. मा भर्ना गर्न नल्याएको, सिधैं भर्ना भएका बालबालिकाको तुलनामा बा.वि.के बाट कक्षा १ मा भर्ना भएका विद्यार्थीको नियमिततादर उच्च र कक्षा छाड्ने दर न्यून रहेको, सिकाइ उपलब्धीदर र प्रथम तथा

द्वितीय श्रेणीमा उत्तीर्णदरमा बृदि भएको, अशिक्षित अभिभावकको तुलनामा शिक्षित अभिभावकको बालबालिकाको बा.वि.के.मा भर्नादर उच्च पाइएको । यस अनुसन्धानको निष्कर्ष यस प्रकार थिए । कक्षा १ को सिकाई उपलब्धीदर वृद्धि गर्न बा.वि.के.ले महत्वपूर्ण र सकारात्मक भूमिका खेलेका हुन्छन् । बा.वि.के.को भूमिकालाई परिणममुखी बनाउन यसको उद्देश्य र महत्वपूर्ण व्यापक प्रचार प्रसार गरी सम्बन्धित सबैको जनचेतनामा अभिवृद्धि गराउनु पर्ने (रेग्मी २०६४) ।

(ग) विद्या : जर्नल

शीर्षक : समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको मुल्याङ्कन प्रतिवेदन

प्रतिवेदक : सेरिड

शोधवर्ष : सन् २००१

पेश गरेको संस्था : शिक्षा विभाग, काठमाण्डौं

शैक्षिक विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ले सन् २००१ मा शिक्षा विभाग काठमाण्डौको लागि गरेको सामुदायमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको मूल्याङ्कन प्रतिवेदन अनुसार एउटा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा कम्तिमा ७ जना (सप्तरी जिल्लामा) र बढीमा २३ जना (इलाम जिल्लामा) उपस्थित रहेको पाइयो । सहाभागी बालबालिकाहरूमा कतै केटाको संख्या बढी त कतै केटीको संख्या बढी रहेको तर बर्दिया जिल्लाको शहरी क्षेत्रको एउटा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा शतप्रतिशत केटा मात्र रहेको पाइयो । यसबाट के बुझिन्छ भने केही समुदायमा बालिकाहरूले अझ समान अवसर पाइरहेको छैनन् । बर्दिया र काभ्रे जिल्लाको शहरी क्षेत्रका प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू ३ देखि ४ वर्षका बालबालिकाहरू भर्ना हुने गरेको र ५ वर्ष पुगे पछि कि संस्थागत विद्यालयमा कि त सामुदायिक विद्यालयको कक्षा एकमा भर्ना हुने गरेको पाइयो ।

जिशिकाबाट प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम फोकल व्यक्तिले विरलै मात्र केन्द्र अनुगमन गरेको पाइयो । सामुदायमा आधारित संस्था, क्लब र गैरसहकारी संस्थाहरू केन्द्र सुपरिवेक्षण गर्न प्रतिवद्ध र सक्रिय रहेको पाइयो तर उनीहरूसँग कसरी सुपरिवेक्षण गर्ने, के सुपरिवेक्षण गर्ने भन्ने जस्ता प्राविधिक तथा व्यवस्थापकीय पक्ष बारे उचित ज्ञान र सीपको अभाव

रहेको पाइयो । अतः प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सँग सम्बद्ध सरोकारवाला अथवा मानवीय स्रोतहरूलाई कार्यक्रम सञ्चालन, व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन सम्बन्धी प्राविधिक ज्ञान र सीपको विकास गराउन जरुरी देखिन्छ (सेरिड २००१)।

प्रधानाङ्ग (२००१) का अनुसार बालबालिकाको संसार प्रतिको ज्ञान निर्माण भनेको उनीहरूको मानसिक विकासको एउटा प्रक्रिया हो, जुन समाज तथा समुदायबाट प्रवल रुपमले प्रभावित हुन्छ । एउटा बालकले समाजको सदस्यको रुपमा, संसार प्रति धारणा निर्माण गर्ने क्रममा उसको समाजद्वारा प्रभावित भएको हुन्छ । यसरी बालबालिकाले वस्तुहरूको वारेमा ज्ञान वा धारणा निर्माण गर्दछन्, जुन उनीहरूको निम्ति औचित्यपूर्ण हुन्छ । बालबालिकहरू ज्ञान र सुझ्बुझ्को निर्धारण गर्दछन् र निर्धारणकर्ताहरू हुन् किनकि बालबालिकाहरूको ज्ञान स्वतन्त्र र सृजनात्मक रुपले भन्दा बढी जैविक र सामाजिक साँस्कृतिक रुपले निर्धारण हुन्छ । त्यसैले निर्माणवादी विद्वानहरु प्याजे, भिगोत्स्की र ब्रुनरले भित्री रुपले, जैविक र छुट्टै रहने बालक र बाह्य वातावरणमा घुलमिल हुने र सामाजिक बालकहरू बीचको इच्छाको सम्बन्धलाई प्रस्तुत गरेका छन् । तर तिनीहरूले राखेका इच्छाहरू फरक फरक छन् । तैपनि बालबालिकाको अन्तरनिहित क्षमता र मानसिक विकासको प्रक्रियाले यसलाई पनि प्रभाव पार्दछ । तसर्थ बालबालिकाको सोचाई र चिन्तनको प्रक्रिया, जुन सामाजिक परिवेशद्वारा प्रभावित हुन्छ र त्यसले नै ज्ञानको निर्माणमा सामिप्य रुपबाट प्रभावित पार्दछ (प्रधानाङ्ग, २००१) ।

माथि उल्लेखित सैद्धान्तिक मनोवैज्ञानिक तथ्यहरूको आधारमा यो भन्न सकिन्छ कि विद्यालय एउटा सानो समाज हो भने जस्तै प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र पनि एउटा सानो समाज हो, जहाँ समुदायका विभिन्न सामाजिक, सांस्कृतिक पृष्ठभूमि भएका बालबालिकाहरू जम्मा हुन्छन् । सहयोगी कार्यकर्ताको सहजीकरणमा ती बालबालिकाले समूहमा मिलेर सँगसगै गरिने क्रियाकलापबाट मात्र उनीहरूले वरिवरिको वातावरण, वस्तुहरू र संसार प्रति कै ज्ञान वा अवधारणाको विकास गर्न सक्छन् न कि एक्लै बसेर । उदाहरणको लागि उनीहरूले समय, बार, महिना आदीको बारेमा चित्र, अवधारणा छलफल तथा अभ्यासबाट ज्ञानको निर्माण गर्दछन् । वरिवरिको बोटबिरुवा, ढुंगा, माटोमा बारेमा अवलोकन र छलफल गरेर थाहा पाउन सक्छन् । त्यसैगरी कक्षाकोठाबाट बाहिर निस्केर मनोरञ्जनात्मक क्रियाकलाप अर्थात गीत, कविता आदी द्वारा

घाम लागेको छ कि, पानी परेको छ कि या बादल लागेको छ भन्ने ज्ञान वा अवधारणाको निर्माण गर्न सक्दछन् ।

उपरोक्त पूर्व साहित्यहरूको अवलोकनबाट प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका बालबालिकाहरू उक्त सुविधा नपाइ सोभै विद्यालय गएका बालबालिका भन्दा सिकाई उपलब्धि र सामाजिक, नैतिक व्यवहार परिवर्तनको हिसावले धेरै उत्कृष्ट रहेको पाइन्छ । साथिसँग सजिलै घुलमिल हुन सक्ने, शिक्षक तथा आफूभन्दा ठूलालाई आदर सम्मान गरेर बोल्न र व्यवहार गर्ने, व्यक्तिगत सरसफाई तथा चर्पीमा मात्र दिसापिसाप गर्नुपर्छ भन्ने कुरामा सजग, साथी र शिक्षक सँग निर्धक्क सँग बोल्न सक्ने जस्ता ज्ञान र सीपहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा पाएर विद्यालय गएका बालबालिकाहरू नै तुलनात्मक रुपमा उत्कृष्ट भएको देखिन्छ ।

प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र व्यवस्थापन समिति, अभिभावक, सामुदायमा आधारित संस्था, क्लब र गैरसरकारी संस्थाहरू केन्द्र सुपरिवेक्षण गर्न प्रतिवद्ध र सक्रिय रहेको पाइयो तर उनीहरूसँग कसरी सुपरिवेक्षण गर्ने, के सुपरिवेक्षण गर्ने भन्ने जस्ता प्राविधिक तथा व्यवस्थापकीय पक्ष बारे उचित ज्ञान र सीपको अभाव रहेको पाइयो । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको प्रभावकारी सञ्चालन र व्यवस्थापनको निम्ति यस सँग सम्बद्ध सरोकारवाला अथवा मानवीय स्रोतहरूलाई कार्यक्रम सञ्चालन, व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन सम्बन्धी प्राविधिक ज्ञान र सीपको विकास अभिवृद्धि गराउने तर्फ जोड दिनु पर्ने आवश्यक देखिन्छ । बालबालिकाले प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रमा प्राप्त गर्ने सिकाई उपलब्धिले प्राथमिक तथा आधारभूत शिक्षा प्राप्तिको लागि ज्यादै ठूलो र सकारात्मक भूमिका खेल्दछ । विद्यार्थीहरूको कक्षोन्नति दर बढी हुनु, कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दर कम या शुन्य हुनुलाई पनि शैक्षिक विकासको महत्वपूर्ण सूचक मानिन्छ । यस पूर्व साहित्यको अध्ययनबाट प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाई सोभै विद्यालय गएका बालबालिकाको तुलनामा उक्त सुविधा पाएपछि विद्यालय गएका बालबालिकाको कक्षोन्नति दर बढी या राम्रो देखिएको छ । त्यसैगरी प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको सुविधा नपाई सोभै विद्यालय गएका बालबालिकाको तुलनामा उक्त सुविधा पाए पछि विद्यालय गएका बालबालिकाको कक्षा दोहोऱ्याउने दर र बीचैमा कक्षा छोड्ने दर पनि न्यून अथवा राम्रो देखिएको छ ।

सम्बन्धित साहित्यहरूको पुनरावलोकनबाट प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमले बालकालिकाहरूको चौतर्फी विकास गर्न साथै विद्यालय शिक्षाको जग तयार गर्न महत्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरालाई दर्शाएको छ । साथै प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन तथा व्यस्थापन गर्न अन्य कुराहरूको साथै विशेष गरी मानवीय स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहन्छ भन्ने तथ्यलाई पनि इंगित गरेको छ । कुनै पनि कार्यक्रमको सफलता र असफलतालाई नीतिगत व्यवस्था, कार्यन्वयनको अवस्था र त्यो कार्यक्रमको निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कनले प्रभाव पार्दछ । कुनै पनि कार्यक्रमको जति बढी निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरिन्छ, त्यसको प्रभावकारीता बढी देखिन्छ । निरीक्षण तथा अनुगमनले निर्देशन तथा सुझावहरू पनि दिने र सचेत पनि बनाउने भएकोले गर्दा यसको महत्व धेरै छ । बालविकास केन्द्र सञ्चालनमा धेरै समस्या तथा चुनौतीहरू छन् । यसको प्रभावकारी रुपमा सञ्चालनको लागि यसका विविध पक्षको निरीक्षण तथा अनुगमन गर्न आवश्यक छ । कतिपय बालविकास केन्द्र अनुगमन हुँदा चलाउने र अनुगमन नहुँदा सेलाउने अवस्थाका पनि छन् । अनुगमनमा फितालोपना आएको कारण सहयोगी कार्यकर्ता र के.व्य. समिति पनि निष्क्रिय बन्दै गएको छ । निरीक्षण तथा अनुगमन के हो ? यसको महत्व, निरीक्षण तथा अनुगमनको वर्तमान अवस्था, बालविकास केन्द्र निरीक्षण तथा अनुगमनको संयन्त्र लगायतका थुप्रै विषयमा अध्ययन गर्नका निम्ति सम्बन्धित साहित्यहरूको पुनरावलोकनले आधार तयार गरेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धानमा प्रयोग हुने चरहरूका बीचको सम्बन्धलाई देखाउन तर्कपूर्ण रुपमा विकसित गरिएको एक सञ्जाललाई नै सैद्धान्तिक खाका भनिन्छ (अधिकार र पाण्डे, २०६७) । सैद्धान्तिक खाका भनेको कुनै पनि अनुसन्धानलाई मार्ग निर्देशन गर्न अन्तर सम्बन्धित धारणाहरूको संगालो हो । प्रख्यात शिक्षाविद् फ्रेडरिक अगष्ट फ्रोबेलको किन्डरगार्टन विधि र डा. मारिया मन्टेसरीको मन्टेसरी विधिलाई यस अध्ययन अनुसन्धान कार्यको सैद्धान्तिक आधारका रूपमा लिइएको छ ।

### फ्रोबेलको किन्डरगार्टन विधि

सन् १८१२ मा जर्मनीमा जन्मेका शिक्षाविद् फ्रोबेलको शैक्षिक अवधारणा अनुसार बालबालिकाहरू बगैंचामा फूल्ने कोमल र सुन्दर फूलहरू जस्तै हुन् र शिक्षक त्यस बगैंचाको रेखदेख गर्ने माली हुन्

। शिक्षकले बालक रूपी फूलहरूलाई माया, ममतापूर्वक स्याहार –सम्भार, मलजल, गोडमेल गरेर हुर्काउनु पर्छ अर्थात बालबालिकालाई स्वतन्त्र वातावरणमा हुर्कने, स्वक्रियाकलापमा संलग्न हुने र सिक्ने अवसर प्रदान गर्नुपर्दछ । फ्रोबेलको यो अवधारणा किन्डरगार्टन विधि हो, जुन खेल विधिमा आधारित छ । उनको यो विधि अनुसार बालबालिकाहरूले आफूलाई आवश्यक पर्ने सम्पूर्ण कुराहरू खेल द्वारा नै सिक्दछ । यसका लागि उनले ७ वटा उपहारहरू (Seven Gifts) को व्यवस्था गरेका छन्, जसको मनोवैज्ञानिक महत्व रहेको छ । ती सात उपहारहरूमा विभिन्न रङ्गका बलहरू, गोला, घन, बेलना, घनाकार काठका टुक्राहरू, तीनकुने काठका टुक्राहरू आदी समाबेश हुन्छन् । यस्ता साधनहरूलाई खेलको माध्यमबाट कक्षामा प्रयोग गरी छोएर, हेरेर बालबालिकाहरूले आकार, प्रकृति, सतह, रङ्ग, सङ्ख्या आदीको धारणा सिक्न सक्दछ ।

किन्डरगार्टन पद्धति गरेर सिक्ने (Learning by doing) सिद्धान्तमा आधारित छ । फ्रोबेलका अनुसार आत्माक्रियाकलाप मार्फत बालबालिकाहरूको अन्तरनिहित जन्मजात गुणहरूको प्रस्फुटन गराउनु पर्दछ । सिकाइका लागि शिक्षकले कक्षाकोठामा नियन्त्रित र कडा अनुशासनको वातावरण सिर्जना गर्नु आवश्यक छैन । शिक्षकले कक्षाकोठामा विद्यार्थीहरूको एक असल साथी, अभिभावक तथा सहजकर्ताको रूपमा भूमिका निर्वाह गर्नु पर्दछ । शरीरको चाल, हाउभाउ, खेल, गीत, कथा, रङ्गहरूको प्रयोग, पेन्टिङ जस्ता विद्यार्थीका रुचि, इच्छा अनुसारका क्रियाकलापहरूको माध्यमबाट बालबालिकहरूलाई सिक्ने अवसर प्रदान गर्नु पर्दछ । यस्ता शिक्षण विधिको प्रयोगबाट बालमैत्री कक्षाकोठा व्यवस्थापनमा सहयोग पुऱ्याउँदछ ।

## मन्टेसरी शिक्षण विधि

सन् १८७० मा इटालीमा जन्मिएका रोम विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गर्ने प्रथम महिला डा. मारिया मन्टेसरीको मन्टेसरी शिक्षण पद्धति व्यक्तित्व विकासको, स्वतन्त्रताको सिद्धान्त, मांशपेशीय प्रशिक्षण वा क्रियात्मक शिक्षा, इन्द्रिय प्रशिक्षणको सिद्धान्त, स्व–अनुसार सिकाइ सिद्धान्तमा आधारित छ । बालकको अन्तरनिहित गुणहरूलाई बाहिर ल्याउने वातावरण सिर्जना गर्नुपर्ने, बालबालिकाहरूलाई कडा अनुशासनमा राख्न नहुने, उनीहरूलाई हिँडाउने, उफ्राउने, विभिन्न वस्तु, काठमा टुक्रा, रङ्गीन चक्कीहरू मार्फत ज्ञानेन्द्रियहरूको विशेष तालिम दिने बालबालिकाहरूको आ–आफ्नो इच्छा, रुची र क्षमताअनुसार स्व–अनुभव र स्व–शिक्षा ग्रहण गर्ने

अवसर प्रदान गर्ने मन्टेसरी शिक्षण पद्धतिको मुल आशय हो । मन्टेसरी शिक्षण पद्धति अनुसार शिक्षालाई तीन भागमा बाँडिएको छ, जुन निम्नानुसार छन् :

क) क्रियात्मक शिक्षा

यस अन्तर्गत मांशपेशीय तालिम सम्बन्धी क्रियाकलापहरू गराउनु पर्दछ । जस्तै : हिँड्ने, डुल्ने, बस्ने, लुगा लगाउने, फुकाउने, जुत्ताको लेस बाँध्ने, आफै मुख धुने र दाँत माझ्ने आदी ।

ख) इन्द्रिय सम्बन्धी शिक्षा :

यस अन्तर्गत इन्द्रिय सम्बन्धी तालिम दिने विभिन्न साधनहरू विकास गरिएका हुन्छन्, जसमार्फत बालबालिकाहरूले आकार, स्वरूप, तौल, रङ, चिल्लो, खस्रो, आवाज आदिको अनुभूति प्राप्त गर्दछन् ।

ग) भाषा र अङक गणित सम्बन्धी शिक्षा :

यस अन्तर्गत लेखाइबाट शुरु गरेर मात्र अक्षरको आवाज निकाल्ने (पढाइ) तर्फ लाग्नु पर्ने मन्टेसरीको धारणा छ । अङ्क सिकाउन लामो लठ्ठीलाई रातो रङ र नीलो रङ गरी १० भागमा विभाजन गरी अङ्कको उच्चारण गर्न लगाउने, वस्तुको नाम उच्चारण गर्दै गन्न लगाउने क्रियाकलाप गराउनु पर्दछ ।

## २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग

अनुसन्धानका लागी पुनरावलोकन गर्नु भनेको संबन्धित साहित्यको गहन विश्लेषणबाट निष्कर्ष खोजी गर्नु हो । यो अनुसन्धानमा पुनरावलोकन गरिएका साहित्यहरुले यो शिर्षक सँग सम्बन्धित के के र कस्ता कस्ता अनुसन्धान भएका छन् पत्ता लगाउन, अनुसन्धानको ढाँचा तयार गर्न, अनुसन्धानका लागी प्रयोग गर्नु पर्ने विधि, जनसंख्या र नमुना छनोट गर्न लगायत अनुसन्धानलाई निष्कर्ष दिने र सुझावहरु प्रस्तुत गर्न समेत सहयोग पुऱ्याएको हुँदा यो अनुसन्धानमा पुनरावलोकित साहित्यहरुको पुर्ण रुपमा प्रयोग गरिएको छ ।

# परिच्छेद तीन :
# विधि र प्रक्रिया

## ३.१ अनुसन्धानको ढाँचा

कुनै पनि समस्या र विषयको बारेमा विस्तृत जानकारीका साथ अध्ययन अनुसन्धान गरी निष्कर्षमा पुग्न निश्चित विधि प्रयोग गर्नु पर्ने हुन्छ । अनुसन्धानका सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तरविरोध हटाउने र अपूर्णता समेट्ने गरी अनुसन्धानको ढाँचा तयार गर्नु पर्दछ ।

कतिपय अवस्थामा समय र बजेटको सीमितताका कारण घट्ना, अवस्था, प्रक्रिया र समस्याहरूको अध्ययनबाट प्राप्त गुणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई छिटो र सजिलो सँग प्रस्तुतीकरण र विश्लेषण गर्न गणितीय अथवा तथ्याङ्कशास्त्रीय विधि वा शुत्रहरूको पूर्ण रुपमा प्रयोग नगरिकन संख्यात्मक विवरण, तालिकीकरण आदी जस्ता सामान्य खाल्का गणितीय विधिहरु समेतको प्रयोग गरेर गुणात्मक र परिमाणात्मक मिश्रित खालको अन्सन्धान ढाँचा प्रयोग गर्न सकिन्छ । मिश्रित अनुसन्धान ढाँचा अनुसार गुणात्मक तथ्याङ्कले सर्वेक्षण गरिएका प्रश्नका उत्तरहरूले गहिराइसम्मको सूचना उपलब्ध गराउन सक्छ भने तथ्याङ्कशास्त्रीय विश्लेषणबाट प्राप्त तथ्याङ्क वा सूचनालाई विभिन्न ढाँचामा विस्तृत रुपमा लेखाजोखा गदर्छ । तथापि गुणात्मक तथ्याङ्कलाईै परिमाणात्मक ढंगले गरिने विश्लेषण प्रक्रियाले सीमित स्रोत र समयमा कसरी अध्ययनलाई पूरा गर्ने भन्ने कुरामा मद्दत गर्नुका साथै नमूनाका आकारलाई घटाएर उत्तरदाताहरू सँग अन्तर्वाता गर्दा लाग्ने बढी समयलाई घटाइ थोरै समयमा अध्ययनलाई सम्पन्न गर्न मद्दत गर्दछ ।

यस अध्ययनलाई सम्पन्न गर्न विशेष गरी गुणात्मक अनुसन्धान ढाँचालाई अवलम्वन गर्ने प्रयास गरिएको भएता पनि उत्तरदाता बालबालिकाबाट प्राप्त सूचनालाई स्पष्ट पार्ने क्रममा केही संख्यात्मक विश्लेषण तथा तालिकाहरूको पनि प्रयोग गरिएको हुँदा मिश्रित अनुसन्धान पद्धतिलाई प्रयोग गरिएको छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालनमा देखिएका समस्याहरू पहिचान गर्न, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको निरीक्षण तथा अनुगमनलाई थप प्रभावकारी बनाउन सुझाबहरू दिनु, संघ संस्थाहरूले अनुगमन गरेका र नगरेका बा.वि.के.को

अवस्था बारे तुलनात्मक अध्ययन गर्न प्रा.बा.शि.वि. कार्यक्रमको प्रभावकारिता सम्बन्धमा अभिभावक, सहयोगी कार्यकर्ता र अन्य सरोकारबालाहरूको धारण बुझ्न, प्रा.बा.शि.वि. केन्द्रमा सहभागी भएपछि बालबालिकाका आएको परिवर्तन सम्बन्धि अध्ययन गर्न आदि बारे सूचना सङ्कलन गर्ने सन्दर्भमा गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ ।

## ३.२ जनसंख्या तथा नमुना छनौट

### क) जनसंख्या

अध्ययनको लागि छनौट गरिएका गा.वि.स. भित्रका सम्पूर्ण बालविकास केन्द्रमा प्रत्यक्ष एवम परोक्ष रुपमा जोडिएका सम्पूर्ण व्यक्तिहरू जनसंख्याको रुपमा रहेका छन् ।

### ख) नमुना छनौट

उक्त ५ वटा वा.वि.के लाई सम्भावनारहित नमुना छनौट अन्तर्गत उद्देश्यमुलक नमूना छनौट विधिको प्रयोग गरी छनौट गरिएको छ । त्यसै गरी ४ प्र.अ., ४ वि.व्य.स. अध्यक्ष १ के.व्य.स. अध्यक्ष सम्भावनारहित नमुना छनौट विधि अन्तर्गतको उद्देश्य मूलक नमुना छनौट विधि प्रयोग गरी छनौट गरिएको छ । त्यसै गरी ४ जना अभिभावक, १ अनुगमनकर्ता, १ स्रोतव्यक्ति र १ जना वि.नि. सभ्मावनारहित नमुना छनौटको उद्देश्यमुलक नमुना छनौट प्रयोग गरी छनौट गरिएको छ ।

यस अध्ययनमा निम्नअनुसारको जनसंख्या नमुना छनौट र विधिहरू रहेको छ ।

तालिका १

नमुना छनौट विवरण

| क. स. | विवरण | नमुना जनसंख्या | | सम्भावना रहित नमुना छनौट विधि |
|---|---|---|---|---|
| | | प्रति विद्यालय / प्रति बा.वि.के. | जम्मा | |
| १ | प्र.अ. | १ | ४ | उद्देश्यमूलक |
| २ | स.का. | १ | ४ | उद्देश्यमूलक |
| ३ | वि.व्य.स. अध्यक्ष | १ | ४ | उद्देश्यमूलक |
| ४ | के.व्य.अ. | १ | १ | उद्देश्यमूलक |
| ५ | अभिभावक (समुदायिकमा आधारित बा.वि.क.) | | १ | उद्देश्यमूलक |
| ६ | अनुगमनकर्ता | | १ | उद्देश्यमूलक |
| ७ | स्रोत व्यक्ति | | १ | उद्देश्यमूलक |
| ८ | वि.नि. | | १ | उद्देश्यमूलक |
| | जम्मा | | १८ | |

स्रोत : चैनपुर स्रोत केन्द्र, २०६९, (Flash – 1)

### ३.३ तथ्याङ्कको स्रोतहरू

यो अध्ययनमा प्राथमिक र द्वितीय गरी दुई प्रकारका तथ्याङ्कको स्रोतहरू प्रयोग गरिएको छ :

क) प्राथमिक स्रोत

अनुसन्धानकर्ताको आफ्नो उद्देश्य अनुसार आफ्नै प्रयोगका लागि सङ्कलन गरेको नयाँ आँकडालाई प्राथमिक तथ्याङ्क भनिन्छ भने उक्त आँकडाको स्रोतलाई प्राथमिक स्रोत भनिन्छ ।

यस्ता तथ्याङ्कहरु अनुसन्धाकर्ताबाट मौलिक रुपमा सङ्कलन गरिएका तथ्याङ्कहरु हुन् र यस्ता तथ्याङ्कहरूको सङ्कलन अनुसन्धानकर्ताले कार्यक्षेत्रमा गएर गर्दछ ।

नमुना छनौटमा परेका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, शि.अ.संघ अध्यक्ष, अभिभावक, स्रोतव्यक्ति, वि.नि. तथा शैक्षिक क्षेत्रमा रुची राख्ने बुद्धिजीवि तथा समाजसेवीहरूबाट समूह केन्द्रित छलफल, अन्तर्वाता, प्रश्नावली, प्रत्यक्ष अवलोकन गरी प्राप्त गरेको सूचनालाई प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

ख) द्वितीय स्रोत

कुनै अनुसन्धानकर्ताको कुनै उद्देश्य लिएर पहिले नै सङ्कलित तथ्याङ्कहरु अरु अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको लागि प्रयोग गर्दछ भने त्यस्ता तथ्याङ्कहरूलाई द्वितीय तथ्याङ्क भनिन्छ र त्यस्ता तथ्याङ्कहरूको स्रोतहरू नै द्वितीय स्रोत हुन् ।

प्राथमिक स्रोतले मात्र अध्ययन कार्यले पूर्णता प्राप्त गर्न नसक्ने हुँदा द्वितीय स्रोतको आवश्यकता पर्दछ । तसर्थ द्वितीय स्रोत अन्तर्गत यस अध्ययनको लागि नमूना छनौटमा परेका बालबालिकाहरूको हाजिरी पुस्तिका, उक्त बा.वि.के.का स.का.को. हाजिरी पुस्तिका, सम्बन्धित कार्यालयका अभिलेखहरू, शिक्षा ऐन तथा नियमाबलीहरू, निर्देशिकाहरू, विद्धानका भनाईहरू, विभिन्न लेखकका पुस्तकहरू, जिल्ला शिक्षा कार्यालयबाट प्रकाशित बालविकास प्रोफायल लगायतका विभिन्न जानकारी तथा सूचनाहरू साथै सम्बन्धित विषयका शोधपत्र लेख तथा रचनाहरूलाई द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धानका सिलसिलामा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जानकारी तथा आँकडाहरूलाई तथ्याङ्क भनिन्छ । अध्ययन अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन मद्दत गर्ने तथ्याङ्क सङ्कलनका विभिन्न साधनहरू छन् ।

यस अध्ययनको निर्दिष्ट उद्देश्य पूरा गर्न अनुसन्धानको साधनको रुपमा लक्षित समुह केन्द्रित छलफल, अन्तर्वार्ता, निर्देशिका, अवलोकन फारम, खुल्ला र बन्द प्रश्नाबली जस्ता साधनहरु प्रयोग गरिएको छ। द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई पनि विश्लेषण गरिएको छ। अवलोकन फारम, प्रश्नावलीहरूलाई अनुसुची १, २, ३, ४ र ५ मा राखिएको छ।

तथ्याङ्क सङ्कलनको प्रभावकारिता वैधता र विश्वसनीयता भर पर्दछ। एउटा मापले त्यसबेला वैधता देखाउन सक्छ, जब यसलेजे नाप्ने दावा गर्दछ सोही नाप्न सक्दछ। कुनै पनि अनुसन्धान कार्यमा वैधता स्थापित गर्नु आधारभूत अंगका रुपमा रहन्छ। वैधता भनेको सूचना सङ्कलन गर्ने साधनको त्यो गुण हो, जुन उद्देश्यका लागि त्यसको निर्माण गरिएको हो त्यो पूरा गर्न सफल हुन्छ। वैधताले सङ्कलित तथ्याङ्कलाई सही व्याख्या र विश्लेषण गर्न समेत सघाउने भएकोले अनुसन्धानकर्ताको लागि यो महत्वपूर्ण हुन्छ।

एउटा मापक्रम तब विश्वसनीय हुन्छ, जब उही नमूनामा पटक पटक प्रयोग गर्दा एउटै नतिजा आउँछ। विश्वसनीयताले मापन गर्ने साधनहरूको एकरुपता र स्थिरतालाई प्रदर्शित गर्दछ। यस अध्ययनमा वैधता र विश्वसनीयता कायम गर्न सरोकारबाला व्यक्ति वा समूहसँग भएका छलफल, अन्तर्वार्ता सूची, भेटघाट र अवलोकनबाट प्राप्त तथ्याङ्क वा सूचनाहरूलाई विश्लेषण गरी यसको शुद्धता, वास्तविकता र विश्वसनीयता खोज्ने प्रयास गरिएको छ। यसको निम्ति विशेष गरी एक पक्षले भनेका कुरा वा सूचनालाई अर्को पक्षको भनाइले पुष्टि गर्छ वा गर्दैन भनेर जाँच गरिएको छ। वैधता र विश्वसनीयता पत्ता लगाउन प्रत्यक्ष र परोक्ष रुपमा अवलोकन गरेर समेत प्राप्त सूचनाहरूलाई तुलना गरेर जाँच्ने काम गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलनका लागि नमुना छनौटमा परेका बालविकास केन्द्रमा स्वयम् अनुसन्धानकर्ता पुगेर प्रत्यक्ष भेटघाट गरी तथ्याङ्क सङ्कलन कार्य गरिएको छ। विद्यालयमा आधारित बा.वि.के.का. प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, शि.अ.संघ अध्यक्षहरूलाई व्यक्तिगत र सामुहिकरुपमा प्रश्नहरु गरेर साथै अर्न्तक्रिया गरी छलफल गरिएको छ। यसरी छलफल पछि प्राप्त निष्कर्षलाई टिपोट गरिएको छ। साथै थप सूचना तथा जानकारीका लागि अनुसूचीका प्रश्नाबलीहरु भर्न पनि

लगाइएको छ । यसका साथै अवलोकन फारमहरू पनि भरिएको छ । बालविकास केन्द्रका अभिलेखहरू अध्ययन गरी आवश्यक सूचना टिपोट गरिएको छ । अभिभावक, स्रोतव्यक्ति, वि.नि. तथा अनुगमनकर्ताहरूसँग अन्तर्वार्ता लिनुका साथै निर्माण गरिएको खुला तथा बन्द प्रश्नावलीहरु भर्न लगाएर यस अनुसन्धान कार्यलाई सम्पन्न गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्क विश्लेषण तथा अध्ययन अनुसन्धानको एक महत्वपूर्ण पक्ष हो । अनुसन्धानको निष्कर्ष यही तथ्याङ्क सङ्कलन तथा विश्लेषण  कार्यमा निर्भर गर्दछ । यो अध्ययन गुणत्मक भएकोले अनुसन्धानका प्रश्न र उद्देश्यमा केन्द्रित रही नमुना छनौटमा परेका जनसंख्या सँग गरिएको समुह केन्द्रित छलफल , अन्तर्वार्ता, अवलोकान फारम, प्रश्नावली सम्बन्धि संख्याका अभिलेखहरू, दस्तावेजहरु (प्राथमिक स्रोत र द्वितीय स्रोत) बाट प्राप्त तथ्याङ्कलाई विभिन्न समुहमा विभाजन गरिएको छ । सङ्कलित तथ्याङ्कहरूलाई उद्देश्यहरूको आधारमा रही तालिकीकरण तथा चित्रहरूको प्रयोग गरेर बालविकास केन्द्र सञ्चालनमा निरीक्षण तथा अनुगमनको प्रभावकारीता सम्बन्धमा व्याख्या तथा विश्लेषण गरिएको छ । यसका अतिरिक्त पूर्व स्थापित सिद्धान्त, अनुसन्धनात्मक प्रश्न, पूर्व साहित्य सँग जोडर विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद चार :
# नतिजाको विश्लेषण

यस परिच्छेदमा यस अध्ययनका उद्देश्यहरूका आधारमा अनुसन्धान विधिमा उल्लेखित विधि र साधनहरुको प्रयोगद्वारा प्राप्त तथ्य र सूचनाहरूलाई प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरिएको छ। तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित सरोकारबालाहरुसँग प्रत्यक्ष भेटघाट गरी छलफल, अन्तर्वार्ता, प्रश्नावली, अवलोकन जस्ता प्राथमिक स्रोत र सहायक स्रोतहरूबाट प्राप्त सूचना तथा शाब्दिक तथ्याङ्कहरूलाई आधार मानिएको छ। अध्ययनको उद्देश्य अनुरुप छनौटमा परेका विद्यालयमा आधारित र समुदायमा आधारित बा.वि.के. अनुगमनको वर्तनमान अवस्था, अनुगमनको तुलनात्मक अध्ययन, बा.वि.के.को समस्या, चुनौती र समस्या समाधानका लागि सुझावहरू, अनुगमनका लागि संयन्त्र विकास सम्बन्धमा विश्लेषण गरिएको छ। प्राप्तीको प्रस्तुतिकरण तथा विश्लेषण क्रममा अध्ययनका उद्देश्यहरूमा उल्लेखित मुख्य बुदाहरूका आधारमा आवश्यकतानुसार उक्त बुद्धाहरु, उप शीर्षकहरू र तालिकाहरूको मद्दतले प्राप्तीहरूलाई प्रस्तुत तथा व्याख्या गरिएको छ। यस अध्ययनको औचित्यतालाई स्थापित सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकनबाट तथ्यलाई जोड्दै व्याख्या एवम् विश्लेषण गर्ने प्रयास गरिएको छ।

## ४.१ प्रारम्भिक बालविकास केन्द्र अनुगमनको वर्तमान स्थिति

हाल नेपाल अधिराज्यभर करिव २९२७३ वटा बालविकास केन्द्रहरू सञ्चालनमा छन्। संखुवासभा जिल्लामा ८४ वटा बा.वि.के. सञ्चालन अवस्थामा रहेका छन्। तथापि विविध कारणबश सम्पूर्ण बा.वि.के हरू प्रभावकारी रुपमा सञ्चालन भएका छैनन्। कतिपय बालविकास केन्द्रहरू कागजी रुपमा मात्र सञ्चालन भएका छन्। यसको अनुगमन कार्य प्रभावकारी रुपमा हुन नसकेको कारण पनि यसको प्रभावकारीतामा प्रश्न चिन्ह खडा भएको छ। अनुगमनको जिम्मेवार निकाय को हो ? द्विविधाका कारण पनि समस्या भएको छ। जिल्ला शिक्षा कार्यालयमा पर्याप्त मानव जनशक्ति नहुनुका कारण पनि अनुगमन कार्य प्रभावकारी रुपमा भएका छैनन्।

प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका- २०६१, प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२,

नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीतिक पत्र, राष्ट्रि न्यूनतम् मापदण्ड मार्गदर्शन पुस्तिका - २०६७ को व्यवस्था गरिएको छ । प्रारम्भिक बालविकास कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गर्न राष्ट्रिय प्रारम्भिक बालविकास परिषद्, जिल्ला प्रारम्भिक बालविकास परिषद्, जिल्ला प्रारम्भिक बालविकास समिति, केन्द्र व्यवस्थापन समितिको गठन गर्ने प्रावधान छ । यस कार्यक्रमलाई प्रभावकारी बनाउन शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, विभिन्न संघ संस्था, नगरपालिका वा गाउँ विकास समितिको काम कर्तव्य र अधिकारहरू निर्देशिकामा उल्लेख गरिएको छ ।

प्रारम्भिक बालविकास सम्बन्धी निर्देशिका, २०६१ मा निरीक्षण तथा अनुगमन सम्बन्धी यस्तो व्यवस्था गरिएको छ । राष्ट्रियस्तरमा शिक्षा मन्त्रालय र शिक्षा विभाग, क्षेत्रीयस्तरमा क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्लामा जिल्ला शिक्षा कार्यालयले आ–आफ्नो कार्यक्रम भित्र सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमको सामान्य निरीक्षण तथा अनुगमन गर्नु पर्छ । जिल्ला प्रारम्भिक बालविकास समितिले जिल्ला भित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्र, पूर्व-प्राथमिक विद्यलाय वा कक्षा समेतको निरीक्षण रेखदेख, निर्देशन र समन्वय गर्नु पर्छ । जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको प्रारम्भिक बालविकास कार्यक्रमको निरीक्षण र अनुगमन गर्नु पर्छ । बालविकास केन्द्र व्यवस्थापन समितिले केन्द्र नियमित सञ्चालनको अनुगमन र निरीक्षण गर्नु पर्छ । आवद्धता लिने विद्यालयले नियमित रुपमा अनुगमन निरीक्षण गर्नु पर्छ । संघ संस्थाहरूले आफ्नो सहयोगमा सञ्चालन भएको र सम्झौता अनुसार जिम्मेवारी पाएको प्रारम्भिक बालविकास कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्नु पर्छ । सबै क्षेत्रबाट भएको निरीक्षणको प्रतिवेदन निरीक्षण गर्ने व्यक्तिले आ–आफ्नो कार्यालय र एक तह माथिको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्छ।

### ४.१.१ बालविकास केन्द्र अनुगमनको वर्तमान अवस्था

बाल विकास केन्द्रको अनुगमनको वर्तमान अवस्था कस्तो छ भनी श्री शारदा उ.मा.वि. खराङ्ग का प्राचार्य सँग कुरा गर्दा वाहाँको जवाफ यस्तो थियो :

विद्यालयमा सञ्चालित केन्द्रको अनुगमन प्र.अ., शिक्षक, वि.व्य.स. तथा शि.अ.संघका सदस्यताहरुबाट नियमति रुपमा नै भइरहेको छ । अभिभावक, संघसंस्था र स्थानीय निकायहरूबाट खासै अनुगमन भएको छैन । स्रोत व्यक्ति र वि.नि. बाट पनि समय समायमा अनुगमन भइरहेको छ

। निरीक्षण गर्दा पनि सिकाईलाई प्रभावकारी बनाउन त्यति ध्यान दिन सकेका छैनौ, कारण यस बारेमा हामीहरूलाई पनि त्यति धेरै ज्ञान छैन । भौतिक पूर्वाधार लगायत अन्य पक्षलार्य बढी जोड दिएका छौं । बालविकास केन्द्रको अनुगमनलाई प्रभावकारी बनाउन स्थानीय निकाय, संघसंस्था र अभिभावकहरूको महत्वपूर्ण भूमिका हुन्छ । अभिभावकहरूलाई बालविकास केन्द्र प्रति अपनत्वको भावना विकास गर्दै सुसूचित बनाउन आवश्यक छ । अनुगमनलाई प्रभावकारी बनाउन स्रोतकेन्द्र स्तरमा पनि संयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्छ । यसको तुलनामा समुदायमा आधारित बालविकास केन्द्रको अनुगमन त्यति प्रभावकारी छैन । सक्षम अभिभावकहरूल त संस्थागत विद्यालयमा बालबालिकाहरूलाई नर्सरी, प्ले ग्रुपमा पठाउँछन् । गरिव तथा विपन्न परिवारका अभिभावकहरूले मात्र सामुदायिक विद्यालय र समुदायद्वारा सञ्चालित बालविकास केन्द्रमा आफ्ना नानीहरूलाई पठाउँछन् । आफ्नो दैनिक जीवन सञ्चालन गर्न उनीहरू आफ्नै काममा व्यस्त हुने भएको कारणले गर्दा पनि समुदायमा आधारित बालविकास केन्द्रको अनुगमन कार्य फितलो भएको छ ।

बालविकास केन्द्रको निरीक्षण तथा अनुगमनको अवस्था सन्तोषजनक छैन । विद्यालयमा आधारित बा.वि.के. बालविकास केन्द्रको मर्म अनुरुप नभए पनि जेनतेज सञ्चालन भएको पाइन्छ तर समुदायमा आधारित बा.वि.के.को अनुगमन प्रभावकारी नहुँदा केन्द्र सञ्चालन नियमित रुपमा सञ्चालन भएको छैन । समुदाय र अभिभावकहरूले चासो नदिदा कतिपय स.का.हरूले कामै नगरी तलब भत्ता खाँदै आएका छन् । जिल्ला तह र स्रोतकेन्द्र तहबाट कमै मात्रामा अनुगमन भएको कारण पनि यस्तो स्थिति आएको हो । कतिपय स.का.ले अनुगमन भएको समय केही दिन बा.वि.के सञ्चालन गर्छन फेरि जव अनुगमन हुन छाड्छ, त्यसपछि केन्द्र बन्द गर्छन । अभिभावक शिक्षा लागु नहुँदा र अभिभावकहरूलाई केन्द्र प्रति अपनत्वको भावना विकास गर्न नसक्दा यस्तो स्थिति आएको हो । अनुगमन कार्यमा स्थानीय निकायले ध्यान नदिएको कारण पनि यस्तो अवस्था आएको हो । स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा कर्मचारी कम हुन, स्रो.व्य., वि.नि. प्राविधिक भन्दा पनि प्रशासनिक कार्यमा लाग्नु पर्ने र बालविकास केन्द्र लगायत शैक्षिक संस्था बढी भएको कारणले पनि यस्तो अवस्थाको सिर्जना भएको हो । कहिलेकाही अनुगमन हुँदा पनि बा.वि.के. सञ्चालन छ या छैन मा मात्र केन्द्रित हुँदा यसको प्रभावकारीतामा कमी आएको देखिन्छ ।

यी माथिका भनाइहरूको आधारमा के भन्न सकिन्छ भने बालविकास केन्द्रको अनुगमनको अवस्था कमजोर छ । बालविकास केन्द्रको अनुगमनलाई प्रभावकारी बनाउन अभिभावक र समुदायलाई अभिभावक शिक्षा लागु गरी सक्रिय बनाउनु पर्छ । स्थानीय निकायलाई पनि अनुगमन कार्यमा जिम्मेवार बनाउनु पर्छ । बालविकास केन्द्रको अनुगमन कार्यलाई नतिजामुलक बनाउन वैज्ञानिक विधि अवलम्बन गर्नुपर्छ । बालविकास केन्द्रको उद्देश्य पूरा गर्न निरीक्षणको उपचारात्मक विधिलाई अबलम्बन गर्नु पर्छ । बालविकास केन्द्रको भौतिक पूर्वाधारको मात्र होईन, बालबालिकाहरुको सिकाइ क्रियाकलापलाई पनि अनुगमनको केन्द्रविन्दु बनाउनु पर्छ । अनुगमनको परम्परागत विधिलाई होईन, आधुनिक विधिलाई अबलम्बन गर्नु पर्छ । प्रशासन र सुपरिवेक्षण बीच कार्यमूलक सम्बन्ध स्थापन गर्नुपर्छ । सुपरिवेक्षण वैज्ञानिक र प्रजातान्त्रिक हुनुपर्छ ।

बालविकास केन्द्रको अनुगमन कार्यलाई विभिन्न पक्षले प्रभाव पार्ने भएका कारणले गर्दा ती पक्षको अबस्थाको बारेमा पनि जानकारी हुन आवश्यक हुने भएको तल ती पक्षहरूको बारेमा पनि अवस्था अध्ययन गरिएको छ ।

### ४.१.२ बालविकास केन्द्रको भौतिक स्थिति

बालविकास केन्द्रलाई  प्रभावकारी रुपमा सञ्चालन गर्न यसको भौतिक पूर्वाधारहरू राम्रो हुनु पर्छ । राष्ट्रिय न्यूनतम मापदण्डमा व्यवस्था भए अनुसार बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पहुँचमा हुनुपर्छ । बालविकास केन्द्रको कोठाको लम्बाई १८ फीट, चौडाइ १६ फीट र उचाई ८ फीट, उज्यालो प्रकास आउने हावा आवत जावत गर्ने वातावरण अनुकुल कम्तिमा ४ वटा झ्याल तथा १ वटा ढोका भएको हुनुपर्छ । कोठाको क्षेत्रफल उपस्थित बालबालिका स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुपर्छ । केन्द्र खुला इनार, पोखरी, भीर, पहारा, लामो घाँस, खोलाबाट टाढा स्थापना भएको हुनुपर्छ । विद्यालयको हाता भित्र बालविकास केन्द्र सञ्चालन गर्नु पर्ने भएकमा विद्यालयबाट केही पर स्थान उपलब्ध गराउनु पर्छ । विद्यालयमा २ तला भएमा बा.वि.के. तल्लो तलामा सञ्चालन गर्नुपर्छ । बालबालिका सुहाउँदो शौचालय हुनु पर्छ । कक्षाकोठाको चारैतिर बालबालिकाले लेख्न मिल्ने उचाईमा कालेपाटीको व्यवस्था गर्नु पर्छ । कक्षाकोठा भित्र विषयवस्तु अनुसारको पोष्टर टाँसिएको हुनुपर्छ । बा.वि.के.मा खानेपानीको राम्रो व्यवस्था र उपयुक्त खेलमैदान र घेराबासको व्यवस्था हुनुपर्छ । बालविकास केन्द्रको भौतिक अवस्थाको तालिकालाई अनुसूची ६ मा राखिएको छ ।

अनुसूची ६ मा उल्लेखित तालिकाको विश्लेषण गर्दा सामान्यतया विद्यालयमा आधारित बालविकास केन्द्रको भौतिक अवस्था पूर्ण रुपमा राष्ट्रिय न्यूनतम् मापदण्ड अनुरुप नभएता पनि सन्तोषजनक नै छ । विद्यालयमा आधारित बालविकास केन्द्रको भवन, कोठा बसाई व्यवस्था, खानेपानी, चर्पी, खेलमैदान, घेराबारा, जग्गा छ तर समुदायमा आधारित बालविकास केन्द्रको समस्या छ ।

नमुना छनौटमा परेका समुदायमा आधिरत २५ प्रतिशत बा.वि.के.को जग्गा तथा भवन छैन, ५० प्रतिशत बा.वि.के.को चर्पी छैन । जग्गा हुनेको पनि ऐलानी जग्गा छ । कतिपय बा.वि.के.को जग्गादाताको नाममा छ । समुदायमा आधारित २५ प्रतिशत बा.वि.के.को बसाई व्यवस्था सामान्य छ । खानेपानी तथा खेलमैदानको व्यवस्था छैन । अधिकांश बालविकास केन्द्रमा राष्ट्रिय न्यूनतम् मापदण्ड अनुरुपको भौतिक पूर्वाधार भएको बालविकास केन्द्र छैन । विद्यालयको खेल्ने मैदान, चर्पी, शौचालय, घेरावारा, खानेपानीको व्यवस्था भएता पनि समुदायमा आधारित बा.वि.के. मा यी पक्षहरू कमजोर अवस्थामा छन्।

### ४.१.३ बालविकास केन्द्रको आर्थिक स्थिति

कुनै पनि संस्थालाई सुचारुरुपले सम्पन्न गर्न विभिन्न पक्षहरूको महत्वपूर्ण भूमिका हुन्छ । ती पक्षहरू मध्ये आर्थिक पक्ष पनि एउटा महत्वपूर्ण पक्ष हो । यसको अभावमा संस्थाको जीवन्तता परिकल्पना गर्न सकिदैन । त्यस्तै बालविकास केन्द्र सञ्चालनमा पनि आर्थिक पक्षको महत्वपूर्ण भूमिका हुन्छ । आर्थिक पक्षले संस्था सञ्चालनको लागि अक्सिजनको भूमिका निर्वाह गर्दछ । तसर्थ बालविकास केन्द्र सञ्चालन गर्न विभिन्न पक्षहरूबाट आर्थिक स्रोत जुटाउनु पर्छ । किन भने बालविकास केन्द्रको आर्थिक स्रोतको अवस्था सीमित छ ।

प्रारम्भिक बालविकास सञ्चालन सम्बन्धि निर्देशिका अनुसार प्रारम्भिक बालविकास केन्द्रको नाममा एउटा कोष रहन्छ । जसमा निम्नानुसारको रकम जम्मा जस्तै नेपाल सरकारबाट प्राप्त हुने रकम, जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समितिबाट प्राप्त रकम, दान दातव्य र चन्दादाताबाट प्राप्त रकम, अभिभावकबाट प्राप्त हुने शुल्क वा अन्य रकम, चल अचल सम्पत्ति विक्रीबाट प्राप्त रकम, केन्द्रको नाममा प्राप्त हुने व्याज रकम, दातृ संस्था समुदायबाट प्राप्त रकम, केन्द्रले सञ्चालन गरेको सहकारी कार्यक्रमबाट प्राप्त रकम, अन्य विविध स्रोतबाट प्राप्त रकम

जम्मा गर्न सकिन्छ । बालविकास केन्द्रको आर्थिक अवस्था सम्बन्धी तालिकालाई अनुसूची ७ मा राखिएको छ ।

बालविकास केन्द्र सञ्चालन गर्न आर्थिक अवस्थाले महत्वपूर्ण भूमिका खेल्छ । अधिकांश बालविकास केन्द्रको आर्थिक अवस्था कमजोर छ । विद्यालयमा आधारित बा.वि.के.को आर्थिक अवस्था समुदायमा आधारित बा.वि.के.को भन्दा केही राम्रो छ । किनकि यसको व्यवस्थापन पक्षलाई विद्यालयले हेर्छ । अति स.का.लाई पनि विद्यालयको क्षमता अनुसार केही परिश्रमिक थप गरेको पाइयो । धेरै बालविकास केन्द्रको मुख्य स्रोत जि.शि.का. नै रहेको पाइयो । समुदायमा आधारित ५०५ बा.वि.के.को जोडकोष रकम भएको पाइयो । जुन रकमलाई व्याजमा लगाई व्याजबाट प्राप्त केही रकम व्यवस्थापन खर्च र केही रकम स.का.लाई तलबको रुपमा दिएको पाइयो । समुदायमा आधारित ५०५ बालविकास केन्द्रले केही मासिक फी लिने गरेका पाइयो । स्थानीय निकायबाट बालविकासलाई आर्थिक सहायता उपलब्ध गराएको पाइएन ।

### ४.१.४ बालविकास केन्द्रको खेल, सिकाई सामग्री, सिकाई क्षेत्र र अभिलेखको स्थिति

३ देखि ५ वर्ष सम्मका बालबालिकाहरूलाई बालविकास केन्द्रमा राखेर व्यवहारमा परिवर्तन गर्न प्रेरित गरिन्छ । बालबालिकाहरूलाई खेल, गीत, नृत्य, कथाकथन, चुट्किला, कविता, अभिनय मार्फत मनोरञ्जन वातावरण सिर्जन गरी व्यवहारमा परिवर्तन गराउने कोशिस गरिन्छ । तसर्थ बालविकास केन्द्रमा पर्याप्य मात्रामा खेल सामग्रीका साथसाथै सिकाई सामग्रीको व्यवस्था गर्नु पर्छ । खेल सामग्रीको व्यवस्था गर्दा भित्री तथा बाहिरी खेल सामग्रीको व्यवस्था गर्नुपर्छ । बालबालिकाहरूको सिकाइलाई व्यवस्थित बनाउन केन्द्रमा सिकाई क्षेत्रको व्यवस्था गुर्नपर्छ । सिकाई क्षेत्र अन्तर्गत पुस्तकालय वा भाषा क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र, अभिनय क्षेत्र, सिर्जनात्म क्षेत्र, स्वावलम्बन क्षेत्र पर्दछन् । यस क्षेत्रमा विषयवस्तु अनुसार विभिन्न सामग्रीहरू राख्नु पर्छ । बालविकास केन्द्रको कोठा ठूलो भएमा अन्य क्षेत्र जस्तै बालुवा क्षेत्र, पानी क्षेत्र, आराम क्षेत्र जस्ता क्षेत्रहरूको निर्माण गर्नुपर्छ । बालविकास केन्द्रमा स्थानीय स्तरमा उपलब्ध हुने मूल्य तिर्नु नपर्ने खालका सामानहरू पनि राख्नु पर्दछ र पर्याप्त सामग्रीहरूको व्यवस्था गर्नु पर्छ ।

बालविकास केन्द्रको प्रभावकारितालाई कायम राख्ने अर्को महत्वपूर्ण पक्ष अभिलेख हो । बालविकास केन्द्रको रेकर्ड, रजिस्टरलाई दुरुस्त राखी आवश्यक परेका सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनु पर्छ । बालविकास केन्द्रमा बालबालिकाहरूको जन्मदर्ता, व्यक्तिगत फायल, बालबालिका र शिक्षको रजिस्टर, आर्थिक अभिलेख, निरीक्षण पुस्तिका, सामग्रीको अभिलेख, चल अचल सामग्रीको विवरण, बैठक पुस्तिका, केन्द्र अनुमति र स्वीकृतिको पत्र, विभिन्न फारमहरूको अभिलेख लगायत अन्य कुराहरूको अभिलेख राख्नुपर्छ । यस सम्बन्धी तालिकालाई अनुसूची ८ मा राखिएको छ ।

नमुना छनौटमा परेका सबै बालविकास केन्द्रहरुको बाहिरी खेल सामग्रीको व्यवस्था छैन र भित्री खेल सामग्रीको अवस्था पनि सामान्य छ, पर्याप्त छैन । १०० प्रतिशत बालविकास केन्द्रहरूको सिकाई क्षेत्र छैन । सिकाई सामग्री पर्याप्त छैन, सामान्य मात्र छ । अधिकांश बालविकास केन्द्रको अभिलेख व्यवस्थापन पक्ष कमजोर छ । जुन कुरालाई अनुसूची ८ को तालिकामा उल्लेखित तथ्यले पुष्टि गर्छ ।

### ४.१.५ बालबालिकाको संख्या र केन्द्र खुलेको दिनको स्थिति

राष्ट्रिय न्यूनतम् मापदण्डमा उल्लेख भए अनुसार बालविकास केन्द्रमा जाने बालबालिकाको उमेर ३–५ वर्षको हुनु पर्दछ । एउटा केन्द्रमा बढीमा २० देखि २५ जना मात्र राखिएको हुनु पर्दछ । बालबालिकाहरू एकआपसमा मिलेर समूह समूहमा मिलेर खेल्ने, कुराकानी गर्ने र मनोरञ्जन गर्दै सिक्दै गरेको हुनु पर्छ । सामग्रीहरू चलाई सकेपछि ठीक ठाउँमा राखेको हुनुपर्छ । बालबालिकाहरू कम्तिमा २२० दिन खुलेको हुनुपर्छ । सहयोगी कार्यकर्ता कम्तिमा २४० दिन उपस्थित भएको हुनुपर्छ । केन्द्र खुलेको दिनहरूमा बालबालिकहरू ७० प्रतिशत उपस्थित भएको हुनुपर्छ ।

तालिका २

विद्यालयमा आधारित बा.वि.के. सञ्चालन भएको दिन र बालबालिका संख्या

| क्र स | विद्यालयको नाम र ठेगाना | बालबालिकाको संख्या (३ सालमा) | | | बा.वि.के. सञ्चालन भएको दिन (३ सालमा) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०६६ | ०६७ | ०६८ | ०६६ | ०६७ | ०६८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | ४३ | ४९ | ३९ | १६६ | १७८ | १५० | |
| २ | वाणीविलास मा.वि लोहाकोट खराङ्ग ८ | ३२ | २५ | ३० | १६४ | १६५ | १५१ | |
| ३ | अरुण नि.मा.वि. सालडाँडा खराङ्ग ७ | २८ | ३० | ३५ | १६४ | १६१ | १५० | |
| ४ | धर्मदेवी नि.मा.वि कल्लेरी खराङ्ग ३ | २२ | १५ | १४ | १६४ | १७६ | १५२ | |

स्रोत : स्थलगत अभिलेख अध्ययन, २०६९

विद्यालयमा आधारित बालविकास केन्द्रको ०६६, ०६७ र ०६८ गरी ३ वर्षको बालबालिकाहरूको संख्या अभिलेख अध्ययनको आधारमा हेर्दा सन्तोषजनक नै देखिन्छ। बालविकास केन्द्र सञ्चालन भएको दिन पनि लगभग उस्तै देखिन्छ तर बालबालिका केन्द्र १० बजे देखि १ बजे सम्म सञ्चालन भएको पाइयो। राष्ट्रिय न्यूनतम् मापदण्ड निर्देशिका अनुसार चार देखि साढे चार घण्टा सम्म सञ्चालन गर्नुपर्छ। माथिको तथ्याङ्कबाट के देखिन्छ भने राष्ट्रिय न्यूनतम् मापदण्डमा उल्लेख भए अनुरुप बालविकास केन्द्र सञ्चालन भएको पाइदैन र स.का.पनि उपस्थित भएको पाइएन। केन्द्रमा पछिल्लो समय बालबालिका संख्या घट्दै गएको पाइयो। बालबालिका संख्या घट्दै गएको वारेमा वाणिविलास मा.वि.का

एक त अभिभावकहरूले बच्चा कमै जन्माउन थाले। अर्कोतिर अभिभावकहरूको चाहना आफ्नो बच्चालाई बोर्डिङ्ग स्कुलमा पढाउने हुन्छ। बोर्डिङ्गले एक भारी दाउरामा एक महिना पढाई दिन्छन र संस्थागत विद्यालयको संस्था पनि बढ्दो छ। अभिभावकहरूलाई यो बालविकासको बारेमा त्यति धेरै ज्ञान छैन। त्यो कारणले पनि बालबालिकाहरूलाई बालविकास केन्द्रमा पठाउदै। त्यसैले बालबालिकाहरूको संख्या दिनानु दिन घट्दो छ।


## तालिका ३

## समुदायमा आधारित बा.वि.के. सञ्चालन भएको दिन र बालबालिका संख्या

| क.स. | विद्यालयको नाम र ठेगाना | बालबालिकाको संख्या (३ सालमा) | | | बा.वि.के. सञ्चालन भएको दिन (३ सालमा) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०६६ | ०६७ | ०६८ | ०६६ | ०६७ | ०६८ | |
| १ | खराङ्ग बाल विकास केन्द्र | १७ | १५ | २० | २२१ | २४२ | २३९ | |

स्रोत : स्थलगत अभिलेख अध्ययन, २०६९

उक्त माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,




त्यसै गरी समुदायमा आधारित बालविकास केन्द्रको बालबालिका संख्याको तुलनात्मक अध्ययन गर्दा विद्यालयको तुलनामा कम छ। विद्यालयमा भन्दा बढी दिन बालविकास केन्द्र सञ्चालन भएको पाइयो। सामान्य तया १० बजे देखि २ बजे सम्म केन्द्र सञ्चालन भएको पाइयो। बालबालिकाहरूको नियमितता राम्रो पाइएन।

## तालिका ४


## समुदाय र विद्यालयमा आधारित बा.वि.के.को औसत बालबालिका संख्या

| क.स. | किसिम | आ.व. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०६६ | २०६७ | २०६८ | |
| १ | समुदाय | १८.५ | १४.५ | १५.७५ | |
| २ | विद्यालय | ३१.२५ | २९.७५ | २९.५ | |

स्रोत : स्थलगत अभिलेख अध्ययन, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा विगत ३ वर्षको बा.वि.के. मा उपस्थित बालबालिकाहरुको औसत संख्यालाई विश्लेषण गर्दा समुदायमा आधारित बालविकास केन्द्रमा भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रमा बालबालिकाहरूको संख्या बढी पाइयो । जसलाई अझ स्पष्ट पार्न चित्रगत रुपमा पनि प्रस्तुत गरिएको छ ।

औसत बालबालिका संख्या




तालिका नं. ५

समुदाय र विद्यालयमा आधारित बा.वि.के. खुलेको औसत दिन


| क.स. | किसिम | आ.व. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०६६ | २०६७ | २०६८ | |
| १ | विद्यालय | २४९ | २५४.८ | २४९.५ | |
| २ | समुदाय | १६३.३ | १७० | १५०.८ | |

स्रोत : स्थलगत अभिलेख अध्ययन, २०६९

माथिको तालिकाबाट विगत ३ वर्षको बालविकास केन्द्र सञ्चालन भएको दिनको तुलनात्मक अध्ययन गर्दा विद्यालयमा आधारित बा.वि.के. खुलेको औसत दिन भन्दा समुदायमा आधारित बा.वि.के. खुलेको औसत दिन बढी छ । समुदायमा आधारित बा.वि.के सञ्चालन भएको दिनको अवस्था सन्तोषजनक छ । राष्ट्रिय न्यूनतम् मापदण्डमा व्यवस्था भए अनुसार बा.वि.के. एक शैक्षिक सत्रमा कम्तिमा २२० दिन सञ्चालन हुनु पर्छ । बालविकास केन्द्र सञ्चालन गर्दा विदाको स्पष्ट व्यवस्था नहुनु र विद्यालय खुलेको दिन मात्र विद्यालयमा आधारित बालविकास केन्द्र सञ्चालन हुने

भएकोले गर्दा यस्तो अवस्था सिर्जना भएको पाइयो । यस तथ्यलाई तल चित्रगत रुपमा पनि स्पष्ट पारिएको छ ।

बालविकास केन्द्र खुलेको औसत दिन




### ४.१.६ मानवीय पक्षको स्थिति

बालविकास केन्द्रको महत्वपूर्ण पक्ष मध्ये मानवीय पक्ष पनि हो । बालविकासमा सर्वप्रथम बालबालिकाहरूको आवश्यकता पर्छ । यदि बालबालिका नै छैनन् भने बालविकास केन्द्रको औचित्यता रहदैंन । उनीहरूलाई सिकाई क्रियाकलापमा संलग्न गराउने सहयोगी कार्यकर्ताको पनि महत्वपूर्ण भूमिका हुन्छ । स.का. सहयोगी र सक्रिय हुनुपर्छ । केन्द्र व्यवस्थापन समिति सक्रिय हुनुपर्छ । बालविकास केन्द्रको व्यवस्थापन, सञ्चालन, अनुगमन गर्ने महत्वपूर्ण निकाय भनेको के.व्य.स.हो । बालविकास केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मानवीय पक्षलाई समय सापेक्ष तालिमा तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

राष्ट्रिय न्यूनतम् मापदण्डमा उल्लेख भए अनुसार सहयोगी कार्यकर्ता कम्तिमा १० कक्षा उत्तीर्ण हुनु पर्छ । सहजकर्ता स्थानीय र मातृभाषा बोल्न सक्ने हुनु पर्छ । सकेसम्म विवाहित २५ देखि ३५ वर्ष उमेर भएका, ९० घण्टा आधारभूत तालिम लिएका, प्रत्येक बालबालिकलाई माया र राम्रो व्यवहार गर्ने हुनुपर्छ । बालविकास केन्द्रमा ७ देखि १३ जनाको एक समावेशी के.व्य.स. हुनुपर्छ । मानवीय पक्षको अवस्था सम्बन्धी तालिकालाई अनुसूची ९ मा राखिएको छ ।

तालिकाको आधारमा १२.५५ स.का.एस.एल.सी भन्दा माथि योग्यता भएका छन् भने ८७.५५ स.का. एस.एल.सी. सम्मको योग्यता प्राप्त छन् । सबै स.का.हरू अनुभवी तथा तालिम प्राप्त छन् । सबै केन्द्रमा केन्द्र व्यवस्थापन समिति छन् तर समुदायमा आधारित केन्द्रमा अधिकांश बालविकास केन्द्र स्थापना भएको समयमा गठन भएका समिति छन् ।

## ४.२ विद्यालय र समुदायमा आधारित बा.वि.के. अनुगमनको तुलनात्मक विश्लेषण

हाल नेपाल सरकारबाट अनुदान प्रदान गरी विद्यालयमा आधारित र समुदायमा आधारित २ किसिमका बालविकास केन्द्रहरू सञ्चालन गरिदै आएको अवस्था छ । यस खण्डमा विद्यालयमा आधारित र समुदायमा आधारित कुन बालविकास केन्द्र प्रभावकारी रुपमा सञ्चालन हुँदै आएको छ ? ती बालविकास केन्द्रहरुको अनुगमनको अवस्था कस्तो छ ? भनी तुलनात्मक अध्ययन गरिएको छ ।

### ४.२.१ विद्यालयमा आधारित बा.वि.के.को अनुगमन

कुनै पनि कार्यक्रम उद्देश्य अनुरुप सञ्चालन भईरहेको छ, छैन भनी यसको प्रभावकारीको जाँच गर्न अनुगमन र मुल्याङ्कन गरिन्छ । निरीक्षण तथा अनुगमनले कार्यक्रमको प्रभावकारीतालाई वृद्धि गर्दछ । अध्ययनको सिलसिलामा बालविकास केन्द्रको अनुगमनको अवस्था कस्तो रहेको छ । भन्ने प्रश्न चैनपुर स्रोतकेन्द्रका सोतव्यक्तिको धारण यस्तो थियो ।

आम जनतालाई अझै पनि बालविकास केन्द्रको महत्व तथा उद्देश्य बारे ज्ञान छैन । त्यस कारण अभिभावकहरूले यस कुरालाई त्यति ध्यान दिएका छैनन् । मेरो स्रोतकेन्द्रमा धेरै सामुदायिक विद्यालयहरु संस्थागत विद्यालयहरू, गुम्वा, विशेष विद्यालयहरू, सामुदायिक अध्ययन केन्द्रहरू, बालविकास केन्द्रहरू भएको र आफू पनि तालिम लिन जानु पर्ने र स्रोतकेन्द्र स्तरमा तालिम सञ्चालन गर्नु पर्ने, विभिन्न तथ्याङ्कहरु संकलन र जिल्ला शिक्षा कार्यालयको कतिपय प्रशासनिक कार्यमा पनि संलग्न हुर्नेपर्ने भएकोल गर्दा अधिकांश समय प्रशासनिय कार्यहरूमा नै व्यतित हुन्छ । त्यसैले विद्यालय तथा बालविकास केन्द्रहरूको अनुगमन विरलै हुन्छ । विद्यालयमा आधारित बालविकास केन्द्रको त विद्यालयमा गएको समयमा पनि सामान्य अनुगमन हुन्छ तर समुदायमा आधारित बा.वि.केको चाहि विरलै अनुगमन हुन्छ ।

यसै प्रश्नको सन्दर्भमा श्री शारदा उच्च माध्यमिक खराङ्गका प्र.अ. यसो भन्नुहुन्छ -
विद्यालयमा आधारित बालविकास नियमित रुपमा नै सञ्चालन हुन्छ। यसको अनुगमन पनि प्र.अ., शिक्षक, वि.व्य.स. अनि वि.नि. र स्रो.व्य. बाट हुन्छ। कहिलेकाही संघ संस्थाका प्रतिनिधि बाट पनि हुन्छ। तर समुदायमा आधारित बालविकासको अनुगमन कमै हुन्छ। मातृविद्यालयले पनि कम मात्रामा अनुगमन गर्ने गरेको छ।

तालिका ६

विद्यालयमा आधारित बा.वि.के. अनुगमनको अवस्था

| क्र स | विद्यालयको नाम र ठेगाना | अनुगमन गरेको वर्ष (पटकमा) | | | अनुगमन गर्ने निकाय | कै. |
|---|---|---|---|---|---|---|
| | | ०६६ | ०६७ | ०६८ | स्रो.के., जि.शि.का | |
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | १ | २ | २ | स्रो.के., जि.शि.का | |
| २ | वाणीविलास मा.वि लोहाकोट खराङ्ग ८ | १ | १ | २ | स्रो.के., जि.शि.का | |
| ३ | अरुण नि.मा.वि. सालडाँडा खराङ्ग ७ | १ | १ | ४ | स्रो.के., जि.शि.का | |
| ४ | धर्मदेवी नि.मा.वि कल्लेरी खराङ्ग ३ | - | १ | - | स्रो.के. | |

स्रोत : स्थलगत अभिलेख अध्ययन, २०६९

माथिको तालिमकालाई व्याख्या तथा विश्लेषण गर्दा के कुरा प्रष्ट हुन्छ भने विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन विद्यालयका प्र.अ. तथा वि.व्य.स. बाट नियमित रुपमा हुने गरेता पनि स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयबाट विरलै हुने गरेको छ। जिल्ला विकास समिति, जिल्ला प्रारम्भिक बालविकास समिति, गा.वि.स. तथा न.पा. बाट अनुगमन भएको पाइएन।

### ४.२.२ समुदायमा आधारित बा.वि.के.को अनुगमन

समुदायमा आधारित बालविकास केन्द्रको निरीक्षण मुख्य गरी समुदायका व्यक्तिहरुले गर्नु पर्छ। विशेषगरी अभिभावकहरु र केन्द्र व्यवस्थापन समिति सकृय बन्नुपर्छ। अनुगमन गर्ने अर्को महत्वपूर्ण संस्था भनेको मातृविद्यालय पनि हो। यसको सञ्चालन तथा व्यवस्थापन समुदायले गर्नु पर्ने

भएकोले समुदायका प्रत्येक व्यक्तिमा अपनत्वको भावनाको विकास गरिनु पर्छ । समुदायमा आधारित बालविकास केन्द्रको अनुगमनको विगत ३ वर्षको अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७

समुदायमा आधारित बा.वि.के. अनुगमनको अवस्था

| क्र स | समुदायको नाम र ठेगाना | अनुगमन गरेको वर्ष ( पटकमा) | | | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ०६६ | ०६८ | ०६९ | | |
| १ | खराङ्ग बालविकास केन्द्र | १ | १ | १ | के.व्य.स. | |

स्रोत : स्थलगत अभिलेख अध्ययन, २०६९

माथिको तालिका, तथ्याङ्क र सुचनाबाट के कुरा प्रष्ट हुन्छ भने बालविकास केन्द्रको अनुगमन विरलै हुन्छ । समुदायमा भन्दा विद्यालयमा अधारित बा.वि.के.को अनुगमन धेरै भएता पनि संघ संस्थाले गर्ने अनुगमन अलि बढी प्रतिफलमूलक हुन्छ । समुदायमा आधारित बालविकास स्रोतकेन्द्र तथा जि.सि.का.बाट कमै अनुगमन भएको छ । विद्यालयमा आधारित बा.वि.के.को अनुगमन ओझेलमा परेको छ । सम्बन्धित मातृविद्यालयबाट आफ्नो मातहतमा रहेको समुदायमा आधारित बा.वि.के.को अनुगमन भएको पाइएन । स्थानीय निकायबाट पनि अनुगमन भएको पाइएन । अनुगमनमा सिकाई उपलब्धी भन्दा पनि बढी भौतिक अवस्था र सामाग्रीको अवस्थ र केन्द्र सञ्चालनको बारेमा मात्र भएको देखिन्छ । समुदायमा भन्दा विद्यालयमा अधारित बा.वि.के.को अनुगमन केही प्रभावकारी पाइयो । बालविकास केन्द्रको भौतिक पूर्वाधार र बालविकास सञ्चालन समयमा एकरुपता नभएकोले गर्दा पनि अनुगमन प्रभावित भएको पाइयो । अभिभावक शिक्षा कार्यक्रम लागु नहुनु र बालविकास केन्द्रको अनुगमन कार्य सम्बन्धि ज्ञान नहुनु र उनीहरुको आर्थिक अवस्था न्यून हुनाको कारण अनुगमन प्रभावकारी छैन । अनुगमन संयन्त्र विकास गर्दा आधुनिक सुपरिवेक्षणका सिद्धान्त अनुरुप वैज्ञानिक सोचका साथ निर्माण गर्नुपर्छ । पछिल्लो समयको सूचना तथा प्रविधिलाई पनि प्रयोग गरिनु पर्छ । यसको लागि विश्वमा हाल बालविकास केन्द्र अनुगमन गर्न कस्तो संयन्त्र र पद्धतिको विकास गरिएको छ ? त्यसलाई पनि बातावरण सुहाँउदो

प्रयोग गर्नुपर्छ । अनुगमन कार्यलाई कार्यमूलक, वैज्ञानिक, पेशागत, प्रजातान्त्रिक, अनुसन्धानमूलक बनाउनु पर्छ ।

बालविकास केन्द्रको अनुगमन गर्न केन्द्र व्यवस्थापन समिति, मातृविद्यालय, स्थानीय निकाय, जि.शि.का., जिल्ला प्रारम्भिक बालविकास समन्वय समिति क्षे.शि.नि.र शिक्षा विभागलाई अधिकार दिएको छ । बालविकास केन्द्रको अनुगमन गर्दा विभिन्न तह निरीक्षण तथा अनुगमन गर्ने पद्धतिको विकास गरेको कारणले गर्दा विकेन्द्रितकृत अनुगमनको सिद्धान्तलाई अपनाएको पाइन्छ ।

## ४.३ प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका समस्या र समाधान

बालबालिकाहरूको चौतर्फी विकास गर्ने, बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको व्यवस्था गर्ने, बालबालिकाहरूलाई सिर्जनशील बनाउने र कक्षा १ को लागि पूर्व तयारी गराउने उद्देश्यका साथ बालविकास कन्द्रहरू सञ्चालन हुँदै आएको छ । तथापि यसको प्रभावकारीतामा कमी कमजोरीहरू प्रशस्त छन् । जसको कारणले गर्दा बालविकास केन्द्रको औचित्यतामा नै प्रश्न चिन्ह खडा भएको छ ।

### ४.३.१. प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू

यस अध्ययनको उद्देश्यहरू मध्ये बालविकास केन्द्र सञ्चालनमा देखिएका मद्दा, समस्या तथा चुनौतीहरू पत्ता लगाउनु पनि हो । यसका समस्याहरूलाई समयमा नै पहिचान गरी सुधारका उपायहरू कार्यान्वयन गरिएमा यसले सकारात्मक सन्देश दिन्छ । यसका के कस्ता समस्या मुद्दा र चुनौतीहरू रहेका छन् भन्ने सवालमा जि.शि.का, संखुवासभाका वि.नि यसो भन्नु हुन्छ ।

बालविकास केन्द्र सञ्चालन गर्न बालबालिकाहरु चाहिन्छ । बालबालिका लागि बालविकास केन्द्र अथार्त भवनको आवश्कता पर्दछ । बालविकास केन्द्रमा दिनानु दिन बालबालिकाको संख्या घट्दोछ । संस्थागत विद्यालयमा बालबालिकाहरूको सख्या बढदोछ । भवनको अभावमा घर दलान, आँगनमा अधिकांश बालविकास केन्द्र सञ्चालन गएिको छ । केन्द्रमा बसाई व्यवस्थापन राम्रो छैन । बालविकास केन्द्रको भित्री र बाहिरी वातावरण राम्रो छैन । खेल सामग्री र खेल्ने मैदानको अभाव छ

। खानेपानी तथा चर्पीको अभाव छ। धेरैजसो बालविकास केन्द्रमा बालबालिकाहरूलाई खाजाको व्यवस्था छैन। बालविकास केन्द्रको व्यवस्थापन पक्ष कमजोर छ। आर्थिक पक्ष कमजोर छ। सिकाइ सामग्रीको अभाव छ। स.का. परिवर्तन भइरहन्छ। नयाँ स.का.लाई तालिमको अभाव छ। स.का.लाई उत्पेरणा छैन। तिनीहरूको तलव तथा अन्य सुविधा समयानुकुल छैन। बिदा न्यून छ, समुदाय सचेत छैन। के.व्य.स. गठन नियमानुसार भएको छैन। स्थानीय निकायले बालविकासलाई महत्व दिएको छैन। सरोकारबालाहरू बीच समन्वयको अभाव छ। जि.शि.का.मा जनशक्ति कमी हुनुको कारण अनुगमन फितलो छ। मातृविद्यालयबाट आफ्ना मातहतका बा.वि.के.को अनुगमन प्रभावकारी रुपमा भएको छैन। समग्रमा बालविकास केन्द्रमा धेरै समस्याहरू छन्। यसै प्रश्नको उत्तरमा खराङ्ग बालविकास केन्द्र, संखुवासभाका सहयोगी कार्यकर्ता यसो भन्नु हुन्छ :

बालविकास केन्द्र अनि हाम्रो समस्याको बारेमा भन्दा भन्दा हामी थाकी सक्यौं। हाम्रा समस्याहरू धेरै छन्। गा.वि.स. ले पनि त्यति ध्यान दिएको छैन। बालविकास केन्द्रको भवन छैन। बालविकास केन्द्र मासिक ३०० भाडामा सञ्चालन गर्दैछौं। त्यो पनि खराङ्ग सामुदायिक बनले सहयोग गरेको छ। आर्थिक समस्या धेरै छ। जि.शि.का.ले मासिक रु १००० ।- व्यवस्थापन खर्च दिन्छ। त्यसले वार्षिक रुपमा धन्न गाह्रो भएको छ। गाउँ विकास कार्यक्रमले सहायोग गरेको थियो। यति धेरै समय सम्म स.का.को काम गरियो। अहिले संस्था निष्कृय छ। अहिलेको समयमा मासिक र २४००।- मा काम गर्नु परेको छ। समय सापेक्ष तलब तथा अन्य सुविधा छैन। त्यति तलब पनि समयमा पाउन सकिदैन। बिदा लगायत अन्य सुविधा छैन। सिकाई सामग्री खरिद गर्न सकेको छैन। कतिपय अभिभावकहरूले कम उमेरका बालबालिकाहरू ल्याउछन।

प्राप्त सूचनाको आधारमा अभिभावकहरुका अनुसार प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र सञ्चालनको निम्ति भौतिक पूर्वाधारहरू भवन, चर्पी, पिउनेपानी, खेलमैदान, फर्निचर आदी जस्ता कुराहरूको निर्माण तथा मर्मत गर्न अभिभावक तथा समुदाय सँग वित्तीय स्रोतको अभाव, तीन देखि पाँच वर्ष उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा केन्द्र संख्या ज्यादै कम भएको वा गा.वि.स.मा भएको आधा जनसंख्यालाई पनि समेट्न नसकेको, अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतनाको कमी, केन्द्रको सिकाई क्रियाकलाप बढी मनोरञ्जनात्मक र कम शैक्षिक हुनु, बालबालिका नियमति रुपमा सहभागी नहुनु आदी समस्याहरु रहेका छन्।

सहयोगी कार्यकर्ताका अनुसार मुख्यतयाः सहभागी बालबालिकाहरु नियमित र समयमा नआउनु, सिकाई सामग्री खरीद र व्यवस्थापनको लागि स्रोतको कमी, सहयोगी कार्यकर्ताको पारिश्रमिक ज्यादै न्यून हुनु साथै भवन, चर्पी, पिउनेपानी, खेलमैदान, खेल सामग्री, फर्निचर आदि जस्ता भौतिक पूर्वाधारहरूको निर्माण तथा मर्मत गर्न व्यवस्थापन र स्रोतको कमी आदि समस्याहरू रहेका छन् ।

गाउँ बालविकास सञ्जाल अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारबालाहरूका अनुसार अभिभावक तथा समुदायमा कार्यक्रम सम्बन्धी सचेतनाको कमी, सहभागी बालबालिकाहरूको नियमिततामा कमी, भवन, चर्पी, पिउनेपानी, खेलमैदान, खेल सामग्री, फर्निचर, सिकाइ सामग्री खरीद र व्यवस्थापनको लागि स्रोतको अपर्याप्तता, सहयोगी कार्यकर्ताको परिश्रमिक ज्यादै न्यून हुनु साथै विशेष गरी अभिभावक, प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र व्यवस्थापन समिति र समुदायमा कार्यक्रम प्रति अपनत्वको भावना कम हुनु, समुदायको परनिर्भर मानसिकता, नियमित र नतीजामुखी कार्यक्रम अनुगमनको निश्चित संयन्त्रको कमी, कार्यक्रम सञ्चालन र लगानी प्रक्रियामा एकरुपताको नहुनु, स्थानीय सरकार वा गा.वि.स.को उत्तरदायित्व र नेतृत्वको कमी, स्रोत केन्द्र र जि.शि.का.को प्राविधिक सहयोगमा अपर्याप्तता, केन्द्र व्यवस्थापन समितिको बैठक नियमित हुनु नसक्नु आदि जस्ता समस्याहरू रहेको पाइएको छ ।

### ४.३.२ समस्या समाधानका लागि सुझावहरू

बालविकास केन्द्र सञ्चालन गर्दा विविध किसिमका समस्याहरू आउछन् । जसलाई यो भन्दा माथि प्रष्ट्याइएको छ । ती समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा अनुगमनकर्ता यसो भन्नु हुन्छ ।

धेरै बालविकास केन्द्रको जग्गा र भवन छैन । समुदाय र यसमा कार्यरत संघसंस्थाको संलग्नताले मात्र जग्गा खरिद र भवन निर्माण सभव छैन । यसको लागि सरकारले पनि केही लगानी गर्नुपर्छ । सिकाई सामग्री र खेल सामग्री व्यवस्थापनको लागि सरकारले पनि व्यवस्थापन खर्चमा वृद्धि गर्नुपर्छ । अभिभावकहरूको सचेतना वृद्धि गर्न अभिभावक शिक्षा लागु गर्नु पर्छ । समुदायलाई बालविकास हाम्रो हो भन्ने अपनत्वको भावना विकास गर्नुपर्छ । स.का. तथा के.व्य.स.लाई समय समयमा आधारभूत र पुनर्ताजगी तालिम र क्षमता अभिवृद्धि कार्यक्रमको व्यवस्था गर्नु पर्छ । स.का.लाई उत्प्रेरित गर्न समय सापेक्ष तलव तथा अन्य सुविधाहरु प्रदान गरिनु पर्छ । बालबालिकाहरुलाई कक्षा

कोठामा टिकाई राख्न खाजाको व्यवस्था मिलाउनु पर्छ । अनुगमन कार्यलाई प्रभावकारी बनाउन अनुगमन संयन्त्र निर्माण गरिनु पर्छ । बालविकास केन्द्र सञ्चालन समय एकै पटक गर्ने व्यवस्था गर्नुपर्छ । बालविकास क्षेत्रमा कार्यरत संघसंस्था, जि.शि.का. र स्थानीय निकाय बीचमा राम्रो समन्वयको विकास गर्नुपर्छ । स्थानीय निकायलाई पनि अनुगमन कार्यमा जिम्मेबार र जवाफदेही बनाउनु पर्छ ।

बालविकास केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अनुगमनको कस्तो भूमिका हुन्छ ? र यसलाई प्रतितफलमुलक बनाउन कस्तो व्यवस्थाा गर्नुपर्ला ? भन्ने जिज्ञासामा चैनपुर स्रोतकेन्द्रका स्रोतव्यक्ति यसो भन्नु हुन्छ :

कुनै पनि कार्यक्रमलाई सुचारुरुपले सञ्चालन गराउन अनुगमनको महत्वपूर्ण भूमिका हुन्छ । राज्यले बालविकास केन्द्र सञ्चालनमा धैरै लगानी गरेको छ । यसको सञ्चालन प्रभावकारी हुन नसक्दा यसमा गएिको लगानी बालुवामा पानी खन्याए जस्तो भएको छ । अनुगमन र मूल्याङ्कन प्रतिफलमूलक हुन नसक्दा कतिपय स.का.ले वृद्धभत्ता जस्तो तलव मात्र लिन केन्द्र सञ्चालन नगरी कागजी रुपमा मात्र सञ्चालन हुँदा बालबालिकाको नाममा भ्रष्टचार भइरहेको छ । तसर्थ यसको निराकरणको लागि अनुगमनको संयन्त्र विकास गर्नु पर्छ । यसको लागि विद्यमान प्रणलीलाई कायम राख्दै विभिन्न तहमा जिम्मेवार भूमिका खेल्न सक्ने संयन्त्रको विकास नीतिगत रुपमा नै गर्नुपर्छ । जिल्ला शिक्षा कार्यालयमा पनि यस सम्बन्धी सञ्चालन तथा व्यवस्थापन गर्न छुट्टै शाखा स्थापना गरी कार्यान्वयन गर्नुपर्छ ।

निचोडमा हेर्दा हरेक प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र व्यवस्थापन समितिले दीर्घकालीन तथा आवधिक केन्द्र सुधार योजना तयार गरी कार्यान्वयन गर्ने तथा गा.वि.स. वा गाउँ बालविकास सञ्जालको सक्रिय नेतृत्व र अन्य सरोकारवालाहरूको सहभागितामा कार्यक्रमको नियमित र नतीजामुखी अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयन गर्दा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमलाई बढी प्रभावकारी ढंगले सञ्चालन गर्न सकिने देखिन्छ ।

प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सरकारले केही नीतिगत व्यवस्था गरेको छ । बालविकास केन्द्रको संख्यात्मक विकासले विकासले मात्र यसको उद्देश्य तथा

महत्व पूरा हुदैन । यसका मुद्दा, समस्या तथा चुनौतीहरूलाई समयमा नै समाधान गर्नुपर्दछ । सरकारले वर्षेनी बालविकास केन्द्रको संख्या वृद्धि गर्दै जाने तर केन्द्र सञ्चालन नहेुन अवस्था सिर्जना हुँदा राज्यले गरेको लगानी बालुवामा पानी हाले सरह हुन्छ । तसर्थ यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्न बालविकास केन्द्रको विविध पक्षले अनुगमन र मूल्याङ्कन प्रतिफलमूलक हुनु पर्दछ । बालविकास केन्द्रको अनुगमन गर्ने निकायको भरपर्दो व्यवस्था नहुँदा समस्या भएको छ । विद्यमान व्यवस्था अनुसार प्रभावकारी रुपमा अनुगमन नभएको कारणले गर्दा केन्द्रीय, जिल्ला स्रोतकेन्द्र र स्थानीय तहमा अनुगमनको लागि संयन्त्र विकास गरिनु पर्दछ । विभिन्न तहको संयन्त्रका अनुगमनकर्ताहरू सँग अन्तरवार्ता तथा छलफल गर्दै प्रश्नावली भराई अध्ययन कार्यलाई अघि बढाउँदा प्राप्त सुझावलाई तल प्रस्तुत गरिएको छ :

केन्द्रीय तहमा संयन्त्र

क) शिक्षा विभागको प्रारम्भिक बाल विकास शाखा प्रमुख - संयोजक

ख) स्वास्थ्य मन्त्रालयका प्रतिनिधि - सदस्य

ग) महिला तथा बालबालिका मन्त्रालयका प्रतिनिधि - सदस्य

घ) शिक्षा मन्त्रालयका प्रतिनिधि - सदस्य

ङ) गै.स.संस्था महासंघबाट मनोनित बालविकास सम्बन्धी कार्य गर्ने गै.स.स.को प्रतिनिधि - सदस्य

च) स्थानीय मन्त्रालयको प्रतिनिधि - सदस्य

छ) शिक्षकको युनियनको प्रतिनिधि - सदस्य

जिल्ला तहमा संयन्त्र

क) जि.शि.का.का बा.वि.के. शाखा प्रमुख - संयोजक

ख) स्रोतव्यक्तिहरु - सदस्य

ग) जि.वि.स. प्रतिनिधि - सदस्य

घ) जि.शि.का. बाट मनोनित गै.स.स. प्रतिनिध - सदस्य

ङ) शिक्षक युनियनको प्रतिनिधि - सदस्य

च) जिल्ला बालकल्याण समितिका प्रतिनिधि - सदस्य

छ) जनस्वास्थ्य कार्यालयका प्रतिनिधि - सदस्य

ज) महिला तथा बालबालिका कार्यलयका प्रतिनिधि - सदस्य

स्रोत केन्द्र तहमा संयन्त्र

क) सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्ति - संयोजक

ख) स्रोतकेन्द्रका प्र.अ. बैठकबाट सामुदायिक विद्यालयका प्र.अ.हरू मध्ये एजना - सदस्य

ग) सम्बन्धित गा.वि.स./न.पा.को प्रतिनिधि - सदस्य

घ) स्रोतकेन्द्रबाट मनोनित सम्बन्धित स्रोतकेन्द्रमा कार्यरत गै.स.स. प्रतिनिधि - सदस्य

ङ) स्रोतकेन्द्रबाट मनोनित बाल क्लब प्रतिनिधि एकजना - सदस्य

च) स्थानीय स्वयम् सेविका वा स्वास्थ्य संस्था प्रतिनिधि एकजना - सदस्य

छ) स्रोतकेन्द्रबाट मनोनित आमा समुहका प्रतिनिधि एकजना - सदस्य

ज) स्रोतकेन्द्रबाट मनोनित के.व्य.स.का प्रतिनिधि एकजना - सदस्य

स्थानीय तहमा संयन्त्र

क) गा.वि.स./न.पा. अध्यक्ष वा निजले तोकेको व्यक्ति - संयोजक

ख) सम्बन्धित गा.वि.स.का सामुदायिक विद्यालयका प्र.अ.मध्ये गा.वि.स./न.पा.बाट मनोनित एकजना - सदस्य

ग) स्थानीय स्वास्थ्य संस्थाबाट मनोनित स्वास्थ्य स्वयंसेवक मध्ये एकजना - सदस्य

घ) सम्बन्धित स्रोतकेन्द्रका स्रो.व्य.बाट मनोनित सहयोगी कार्यकर्ता मध्ये एकजना - सदस्य

ङ) स्थानीय निकायबाट मनोनित आमा समूहका सदस्यहरू मध्ये एकजना - सदस्य

च) स्थानीय निकायबाट मनोनित स्थानीय बालक्लबका प्रतिनिधिहरू मध्य एकजना - सदस्य

छ) स्थानीय निकायबाट मनोनित स्थानीय संघसंस्थाका प्रतिनिधि मध्ये एकजना - सदस्य

ज) सम्बन्धित स्रोतकेन्द्रका स्रो.व्य.बाट के.व्य.स. मध्ये एकजना - सदस्य

माथि उल्लेख गरिए अनुसार हरेक तहका बालविकास अनुगमन संयन्त्र विकास भएमा बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि हुन जान्छ। निरीक्षण तथा अनुगमनले धेरै समस्याहरुको समाधान गर्नमा सहायता प्रदान गर्दछ। उल्लेखित संयन्त्रको माध्यमबाट अनुगमन गरी मानवीय पक्षलाई राम्रो सल्लाह तथा सुझाबहरु दिन सकिएमा यसले बालविकास केन्द्र सञ्चालनमा उत्प्रेरण बढाउन सकिन्छ। यस संयन्त्रको विकासले विकेन्द्रिकृत

अनुगमनको सिद्धान्त आत्मसात गर्दछ। बालविकास केन्द्रको अनुगमन गर्दा बालविकास केन्द्र सञ्चालन गर्ने निकायलाई बढी जिम्मेवार बनाउदा बढी प्रभावकारी हुन्छ। विभिन्न तहमा बालविकास अनुगमन संयन्त्र विकास गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पनि विकेन्द्रित अनुगमनको सिद्धान्तलाई अवलम्बन गर्नु हो। वर्तमान समयमा विद्यमान अनुगमन प्रणाली विकेन्द्रीकृत अनुगमन प्रणालीमा नै आधारित भएता पनि यसलाई अझ बढी प्रतिफलमूलक र नतिजामूलक बनाउन प्रभावकारी अनुगमनको संयन्त्र बनाउन आवश्यक छ।

# परिच्छेद पाँच :

# निष्कर्ष र सुझावहरु

बालविकास केन्द्र सञ्चालनमा अनुगमनको अवस्था अध्ययन गर्ने अभिप्रायले संखुवासभा गा.वि.स. मा सञ्चालन भएका समुदाय र विद्यालयमा आधारित गरी ५ वटा बालविकास केन्द्रको विभिन्न पक्षको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनका लागी स्थलगत अध्ययन पद्धतिलाई अवलम्वन गर्दै सम्भव भएसम्म प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको अभिभावकहरू, प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र व्यवस्थापन समितिका सदस्यहरू एवं सहयोगी कार्यकर्ताहरू, विद्यालयका प्र.अ. तथा शिक्षकहरू, वि.व्य.स.का पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको छ, साथै प्रश्नावली भराइएको छ । यसका साथसाथै अध्ययनलाई बढी विश्वसनीय र तथ्यपरक बनाउन उल्लेखित क्षेत्रका सरोकारवालाहरू जस्तै जि.सि.का.का वि.नी, उपसचिव, स्रोतव्यक्तिहरूलाई विभिन्न प्रश्नावली भर्न लगाएर अन्तवार्ता लिएर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । जि.शि.का संखुवासभाको अभिलेख, बालविकास केन्द्रका विभिन्न  निर्देशिका, पाठ्क्रम, दस्ताबेज, सम्बन्धि बालविकास केन्द्रका विभिन्न अभिलेखहरूलाई द्वितीय तथ्याङ्कको रुपमा लिएर अध्ययन कार्यलाई पूर्ण रुप दिने प्रयाश गरिएको छ । अध्ययनबाट प्राप्त नतिजाको आधारमा निष्कर्ष र सुझाबहरू पनि दिइएको छ ।

## ५.१ निष्कर्ष

बालविकासहरू सुन्दर भविष्य निर्माणको लागि बालविकास कार्यक्रम महत्वपूर्ण कार्यक्रम हो । बालविकास केन्द्र सञ्चालनको लागि सरकारले धेरै लगानी गरेता पनि पर्याप्त छैन । तसर्थ यसको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि समुदाय तथा अभिभावकहरूको महत्वपूर्ण भूमिका हुन्छ । अभिभावकहरूलाई बालविकास केन्द्र प्रति अपनत्वको भावना विकास गराई यसको सञ्चालन तथा व्यवस्थापन कार्यमा सक्रिय बनाउन सकिएमा यसले राखेका उद्देश्यहरू पूरा हुने देखिन्छ । बालविकास केन्द्रको अनुगमन नतिजामुखी हुन नसक्दा यसको प्रभावकारीतामा कमी आएको छ । बालविकास केन्द्रको अनुगमन पर्याप्त मात्रामा भएको छैन । यसका लागि जनशक्तिको कमी, अनुगमन केन्द्रको अनुगमन प्रर्याप्त मात्रामा भएको छैन । यसका लागि जनशक्तिको कमी, अनुगमन

गर्ने सैद्धान्तिक तथा व्यवहारिक र प्राविधिक ज्ञानको कमी, राजनैतिक हस्तक्षेप, अभिभावक, शिक्षाको कमीका कारण पनि अनुगमन प्रतिफल मूलक हुन सकेको हुन सकेको छैन । बालविकास केन्द्रको भौतिक पूर्वाधार लगायत विविध पक्षका समस्याका कारण पनि अनुगमन प्रभावित भएको देखिन्छ । वर्तमान समयमा बालविकास केन्द्र अनुगमन गर्ने प्रभावकारी निकाय छैन । तसर्थ बालविकास केन्द्र अनुगमनलाई नतिजामुखी बनाउन केन्द्रीय, जिल्ला, सोतकेन्द्र र स्थानीय तहमा नीतिगत रुपमा नै संयन्त्रको विकास गी कार्यान्वयन गर्नु पर्छ । अनुगमन गर्दा वैज्ञानिक विधि तथा विधिको प्रयास गर्नु पर्छ । अहिलेको सूचना तथा प्रविधिको प्रयोगलाई सक्दो रुपमा प्रयोग गुर्न पर्छ । बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई सफल बनाउन विकेन्द्रीकृत सिद्धान्त र आधुनिक सुपरिवेक्षणको सिद्धान्तलाई प्रयोग गर्नुपर्छ । बालविकास केन्द्रको निरीक्षण गर्दा उपचारात्मक विधिलाई पनि प्रयोग गर्नु आवश्यक छ । बालविकास केन्द्रको अनुगमन कार्यलाई प्रभावकारी बनाउन स्थानीय निकायलाई पनि जवाफदेही बनाउन पर्छ । बालविकास सम्बन्धि कार्य गर्ने संघसंस्था, स्थानीय निकाय र जि.शि.का. बीचमा समन्वय हुनु पर्छ । जिल्ला शिक्षा कार्यालयमा पनि बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न बालविकास शाखा हुन आवश्यक छ । बालविकास केन्द्रको जति धेरै निरीक्षण तथा अनुगमन गरिन्छ, त्यति नै प्रभावकारी रुपमा बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन हुन्छ ।

प्रस्तुत अध्ययनबाट प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम सञ्चालनमा देखिएका समस्या मात्र नभै उक्त समस्या समाधानका केही उपायहरू समेत प्राप्त भएका छन् । जस मध्ये केन्द्र व्यवस्थापनका न्यूनतम भौतिक पूर्वाधारको लागि न्यूनतम रुपमा भए पनि सरकारी तवरबाट लगानी गर्नु पर्ने नीति हुनु आवश्यक छ । पछाडि पारिएको वर्ग, जातजाति, समुदायलाई समेट्ने केन्द्र संख्या थप गर्दै लैजानु पर्छ । बृहत रुपमा अभिभावक शिक्षा अभियान सञ्चालन गर्न आवश्यक छ । केन्द्रको सिकाई क्रियाकलापमा मनोरञ्जनात्मक साथै शैक्षिक पक्षलाई ध्यान दिनु पर्छ । केन्द्रका सबै बालबालिकासलाई नियमित रुपमा केन्द्र पठाउनु पर्छ सिकाई क्रियाकलापलाई बालकेन्द्रित बनाई बालबालिकाहरूलाई केन्द्रमा तथा सहयोगी कार्यकर्ताको नजिक नजिक आउन खोज्ने बनाउनु पर्छ ।

अभिभावक, समुदाय र केन्द्र व्यवस्थापन समितिले प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र सुधार योजना बनाई कार्यन्वयन गर्ने, प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम सञ्चालन सम्बन्धि

निर्देशिका, ऐन, नियमाबली, नीति, कार्यनीतिहरुको प्रबोधिकरण तथा कार्यन्वयन गर्न गा.वि.स. र प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र व्यवस्थापन समितिलाई सुसुचित गर्ने । प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रलाई विद्यालय संरचना भित्र समावेश गरी सहयोगी कार्य कर्ताको प्रारिश्रमिक न्यायोचित आधारमा वृद्धि र निर्धाण गर्ने गा.वि.स. सक्रिय नेतृत्व र अन्य सरोकारबालाहरूको सहभागीतामा कार्यक्रमको नियमित र नतिजामूखि अनुगमन हुन पर्छ ।

अध्ययनबाट देखा परेका कमजोर पक्षहरूलाई सुधार गरि केन्द्र द्वारा सञ्चालित कार्यक्रमलाई निरर्न्तता दिनसकेको खण्डमा यसबाट समाजको आर्थिक, जातिय र चेतनाको हिसाबले पछाडि पारेका बर्ग र समुदायका बालबालिकाले फाइदा लिन सक्ने प्रसस्त अवसर रहेको छ । बालविकास केन्द्रमा देखिएका विविध समस्याहरूलाई अनुसन्धान तथा थप अध्ययन गरी समस्याको समाधान गर्न आवश्यक देखिन्छ । चालु कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न चाल्नु पर्ने प्रयासहरूलाई यसै परिच्छेदको अन्त्यमा सुझावको रुपमा सिफारिस गरिएको छ ।

## ५.२ सुझावहरू

बालविकासको निम्ती प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम निकै प्रभावकारी कार्यक्रमको रुपमा पाइएको छ । कार्यक्रमलाई अझ बढि व्यापक गर्दै लैजानु पर्ने देखिन्छ । यस कार्यक्रमलाई बहुसंख्यक बालबालिका समक्ष पुऱ्याउन स्थानीय सरकार तथा अन्य संघ संस्थाले थप पहल गर्नु पर्ने देखिन्छ । यस कार्यक्रमका सबल पक्षलाई विस्तार गर्दै लैजान र कमजोर पक्षलाई सुधार गर्दै लैजानका निम्ती नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका सुझाबहरूलाई निम्नानुसार सिफारिस गरिएको छ :

### (क) नीतिगत तहका लागि

क) प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमलाई अझ बढी व्यापक गर्दै बहुसंख्यक विपन्न परिवारका बालबालिका समक्ष पुऱ्याउन स्थानिय सरकार तथा संघसंस्थाले थप पहल गर्नु पर्दछ ।

ख) अभिभावक, बालविकास केन्द्र व्यवस्थापन समिति र समुदाय कार्यक्रमको अपन्त्व र दिंगोपनको लागि जिम्मेवार र आत्म नर्भर बन्दै जाने नीति तथा कार्य नीति तर्जुमा गरी कार्यन्वयन गर्न आवश्यक छ ।

ग) नीतिगत तहमा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमलाई संस्थागत गर्न स्थानिय निकाय, समुदाय र बालविकास केन्द्र व्यवस्थाापन समितिलाई अझ बढी ससक्त, जिम्मेवार बनाउने प्रणालीको विकास गर्दै लैजान प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमलाई विद्यालय संरचना भित्रै राख्ने नीति सरकारले बनाउनु पर्छ ।

घ) नेपाल सरकारले जारी गरेको प्रारम्भिक बाल शिक्षा तथा विकास निर्देशिका, प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम कार्यन्वयन सम्बन्धि रणनीतिपत्र, स्थानीय सरकार स्वायत्त ऐन नियम तथा शिक्षा ऐन र नियमाबलीमा उल्लेख भएका प्राबधानहरूको आधारमा केन्द्र व्यवस्थापन समिति तथा स्थानीय सरकारले स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यलय सँगको समन्वयमा केन्द्र सञ्चालन, अनुगमन सम्बन्धि नीति तय गरी सोही अनुसार विकास साझेदार संख्याहरूले सहयोग गर्ने खालको एक द्वार प्रणाली नीति बनाउन आवश्यक देखिन्छ ।

ङ) जिल्ला शिक्षा कार्यालयमा प्रारिम्भक बालविकास शाखा गठन गरी शाखा गठन गरी शाखालाई बालविकास केन्द्र सञ्चालन, अनुगमन गर्न जिम्मेवार बनाउनु पर्छ । बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिने जिम्म्वार निकाय स्थानीय निकाय भएकोले गर्दा बालविकास केन्द्रलाई बेवारिसे नबनाई प्रभाबकारी रुपमा सञ्चालन गर्न सोही निकायलाई पनि अनुगमन गर्न जिम्मेवार बनाउनु पर्दछ ।

च) बालविकास केन्द्रको अनुगमनलाई प्रतिफलमूलक बनाउन केन्द्रिय, जिल्ला, स्रोतकेन्द्र, स्थानीय तहमा नीतिगत रुपमा नै व्यवस्था गरी बिकेन्द्रीकृत अनुगमन संयन्त्र विकास गर्नु पर्दछ ।

छ) बालबालिकाहरूलाई बा.वि.के.मा नियमित बनाउन र टिकाइ राख्न नेपाल सरकारले खाजा कार्यक्रम सञ्चालन गर्नपर्छ ।

ज) अनुगमनलाई प्रतिफलमूलक नतिजामुखी बनाउन साथै बा.वि.के. सञ्चालन तथा व्यवस्थापनलाई एकरुपता र प्रभाबकारी बनाउन बालविकास सञ्चालन समयलाई बिहान १० बजे देखि सञ्चालन गर्ने व्यवस्था गनुपर्छ ।

झ) सहयोगी कार्यकर्तालाई उत्प्रेरणा प्रदान गरी केन्द्र सञ्चालन गर्न नेपाल सरकारले समय सापेक्ष तलव तथा भत्ता र विदाको व्यवस्था गर्नुपर्छ ।

(ख) कार्यान्वयन तहका लागी

क) नेपाल सरकार स्थानीय विकास मन्त्रालय र शिक्षा मन्त्रालय तथा शिक्षा विभागद्वारा निर्माण भई लागु गरिएका प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका, ऐन,

नियमावली, नीति, कार्यनीतिहरूको प्रबोधिकरण तथा कार्यन्वयन गर्न स्रोत केन्द्र, गाविस देखि लिएर प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र व्यवस्थापन समितिलाई सम्बन्धित निकायले सुसूचित गर्नुपर्दछ ।

ख) बालविकास केन्द्रको उद्देश्य तथा महत्वको बारेमा व्यापक प्रचार प्रसार गर्नुपर्दछ । अभिभावक शिक्षा कार्यक्रम लागु गरी बालविकास केन्द्र अनुगमन गर्न प्रोत्साहन गर्नु पर्दछ ।

ग) सहयोगी कार्यकर्ताहरुले अभिभावकहरुसँग समन्वय गरी बालबालिकाहरुको लागि खाजाको व्यवस्था गर्नुपर्दछ ।

घ) केन्द्र व्यवस्थापन समितिले विभिन्न संघसंस्था, स्थानीय निकाय, विद्यालयसँग समन्वय गरी सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यायोचित आधारमा वृद्धि वा निर्धारण गर्नुपर्दछ ।

ङ) प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सम्बन्धि राष्ट्रिय, जिल्ला, तथा गाविस र नगरपालिका तहसम्म तय भएका नीति तथा कार्यनीतिहरू प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरूको गुणस्तर सुधार र दीगोपनको निम्ति प्रभावकारी रूपमा अभ्यास भएका छन् कि छैनन् भनी अनुगमन गर्न गाविस तथा जिविस स्तरीय प्रारम्भिक बाल विकास सञ्जाल वा संयन्त्र निर्माण गरी आवधिक रूपमा केन्द्र अनुगमन, छलफल तथा अन्तरक्रिया भइरहनु आवश्यक छ ।

च) प्रा.बा.शि.वि.केन्द्र व्यवस्थापन समितिको बैठक नियमित हुनु पर्छ । गाविस वा गाउँ बाल विकास सञ्जालको सक्रिय नेतृत्व र अन्य सरोकारवालाहरुको सहभागितामा कार्यक्रमको निरन्तर र नतिजामुखी अनुगमन हुनुपर्छ ।

छ) कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान प्राप्त सुझावहरुलाई सधै ध्यानपूर्वक अभ्यास गरिनुपर्छ ।

ज) आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका विभिन्न जातजाति, वर्ग र समुदायका बालबालिकहरूलाई प्रारम्भिक बाल शिक्षा तथा विकासका लागि विशेष सुविधा पुऱ्याइनु पर्छ ।

झ) बालविकास केन्द्रमा सबै बालबालिकाको भर्ना गरिनुपर्छ र उनीहरूको नियमिततालाई बढाइनु पर्छ ।

ञ) नीतिगत रुपमा भएको निरीक्षण तथा अनुगमनको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्दछ ।

(ग) अनुसन्धान तहका लागि

क) प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको प्रभावकारीतालाई दिंगो रुपमा कायम राख्न कार्यक्रमको प्रभाव, सवाल, चुनौति आदी शीर्षकहरूमा समय र सन्दर्भ अनुसार अध्ययन अनुसन्धान भई रहनु जरुरी देखिन्छ जसले गर्दा कार्यक्रमको प्रभावकारीता र गुणस्तर सुधारमा मद्दत पुग्दछ ।

ख) बाल विकास केन्द्रको सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्ने पक्ष भनेको यसको अनुगमन र मूल्याङ्कन हो । निरीक्षण, अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाउन यस सम्बन्धि थप अध्ययन तथा अनुसन्धान गर्नु पर्दछ ।

ग) अभिभावक शिक्षा कार्यक्रमले बालविकास केन्द्र अनुगमन पार्ने प्रभावको बारेमा अनुसन्धान गर्नु पर्छ ।

घ) खाजा कार्यक्रमले बालबालिकाहरूको नियमितता र केन्द्रमा टिकाउन कस्तो भूमिका खेल्छ ? यस बारे पनि अध्ययन तथा अनुसन्धान हुनुपर्छ ।

ङ) सरकारी निकाय र संघसंस्थाबाट गरिने अनुगमनको प्रभावकारीताको बारेमा अनुसन्धान गरिनु पर्दछ ।

# सन्दर्भ सूची

१. अधिकारी, विष्णुप्रसाद (२०६४), **माध्यमिक शिक्षक दिग्दर्शन**, काठमाण्डौ : आशिष पुस्तक भण्डार

२. अधिकारी, विष्णुप्रसाद (२०६६), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली**, काठमाण्डौ : आशिषबुक्स हाउस प्रा.लि ।

३. अधिकारी, देवराज र पाण्डे ध्रुवलाल (२०६७), **अनुसन्धान पद्धति**, काठमाण्डौ : सनराइज पब्लिकेशन्स् प्रा.लि. ।

४. अधिकारी, पवन कुमार (२०६१), **बालकेन्द्रित शिक्षा कार्यक्रमको प्रभाव अध्ययन**, स्नातकोत्तर क्याम्पस, विराटनगर, स्नातकोत्तर तह द्वितीय वर्ष समाजशास्त्र विषयको शोधपत्र ।

५. उप्रेती, ओम प्रकास (२०६१), **प्रारम्कि बालविकास केन्द्रको प्रभाव अध्ययन**, स्नातकोत्तर तह द्वितीय वर्ष समाजशास्त्र विषयको शोधपत्र, पाटन संयुक्त क्याम्पस ललितपुर ।

६. काफ्ले, बासुदेव र साथीहरू (२०६७), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काण्ठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

७. कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

८. केन्द्रीय तथ्याङ्क विभाग (२०६९), **राष्ट्रिय जनगणना प्रतिवेदन**, काठमाण्डौं ।

९. खनाल, पेशल (२०६७), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

१०. जबरा, स्वयंप्रकाश (२०६८), **बालबालिका र सिकाई,** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

११. नेपाल सरकार (२०५१), **बालबालिका सम्बन्धी ऐन, २०४८ तथा नियमाबली २०५१,** नेपाल, बालमजदुर सरोकार केन्द्र, काठमाण्डौं ।

१२. राई, तिलक (२०६७), **प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको प्रभावकारिता**, अप्रकाशित शोधपत्र ।

१३. रेग्मी कृष्णप्रसाद (२०६४), **पृथ्वीनगर स्रोतकेन्द्र झापाको कक्षा १ को सिकाई उपलब्धी वृद्धिमा बालविकास केन्द्रको भुमिका** एक, अध्ययन, अप्रकाशित शोधपत्र ।

१४. प्लान नेपाल (२०५८), **प्रारम्भिक बालविकास स्रोत पुस्तिका**, काठमाण्डौ ।

१५. शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०५७), **शैक्षिक सुपरिवेक्षण**, काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स ।

१६. शिक्षा कार्यालय (२०६८), **बालविकास प्रोफायल** संखुवासभा ।

१७. शिक्षा कार्यालय (२०६७), **शैक्षिक तथ्याङ्क**, संखुवासभा ।

१८. शिक्षा विभाग (२०६५), **कार्यक्रम कार्यान्वयन पुस्तिका**, भक्तपुर ।

१९. शिक्षा विभाग (२०६७), **राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका**, भक्तपुर

२०. शिक्षा विभाग (२०६१), **प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन समिति सम्बन्धी निर्देशिका**, भक्तपुर

२१. शिक्षा विभाग (२०६१), **नेपालमा प्रारम्भिक बालविकास सम्बन्धि रणनीति पत्र**, नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौं ।

२२. शिक्षा विभाग (२०६६), **विद्यालय क्षेत्र सुधार योजना २०६६–०७२**, नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौं ।

२३. शिक्षा विभाग (२०१०/२०११), **फ्लाश रिपोर्ट**, नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौं ।

२४. शैक्षिक विकास केन्द्र (२००३), **A Report on Evaluation of Early Childhood Care and Development Programme**, Kathmandu.

२५. श्रेष्ठ, अयनबहादुर (२०५९), **शिक्षा मनोविज्ञानका विविध पक्ष**, भाग १, भुँडीपुराण प्रकाशन, काठमाण्डौं ।

२६. स्थानीय विकास मन्त्रालय (२०६१), **स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमाबली २०५६**, नेपाल सरकार, पैरवी प्रकाशन, काठमाण्डौं ।

२७. सामुदायिक विकास प्रवर्तन केन्द्र र युनिसेफ नेपाल (२०५७), **समुदायमा आधारित बालविकास केन्द्र** एक चिनारी, काठमाण्डौं ।

२८. सेभ द चिल्ड्रेन (२००३), **An ECD Impact study form Nepal**, सेभ द चिल्ड्रेन, नेपाल ।

## अनुसूची एक :

## अभिभावकका लागि प्रश्नावली

बालविकास केन्द्रको नाम : ठेगाना :

अभिभावकको नाम : ठेगाना :

१) बालविकास केन्द्रको अवस्था कस्तो छ ?

.................................................................................................

२) तपाईको नानीलाई बालविकास केन्द्रमा भर्ना गरे पछि के के फाइदा पुगेको छ ?

.................................................................................................

३) बालविकास केन्द्रमा भर्ना गरे पछि तपाईको नानीको व्यवहारमा कस्तो परिवर्तन पाउनु भयो

.................................................................................................

४) बालविकास केन्द्रमा कति पटक जानुहुन्छ ? र त्यहाँ गए पछि तपाई के गर्नु हुन्छ ?

.................................................................................................

५) बालविकास केन्द्रको निरीक्षण तथा अनुगमन गर्न महिनामा कति पटक जानुहुन्छ ?

क) महिनामा .......... पटक ख) कहिले काही ग) जान्न

६) बालविकास केन्द्रको नियमित रुपले निरीक्षण तथा अनुगमन भयो भने कत्तिको प्रभाव पर्छ होला ?

.................................................................................................

७) बालविकास केन्द्रको नियमित तथा अनुगमन सबै भन्दा बढी कसले गर्नु पर्छ ? र किन?

.................................................................................................

८) बालविकास केन्द्रमा अभिभावकहरूले निरीक्षण गर्दा कस्तो प्रभाव परेको छ ?

.................................................................................................

९) बालविकास केन्द्रलाई कुशलतापूर्वक सञ्चालन गर्न कस्तो भूमिका खेल्नु पर्छ ?

.................................................................................................

१०) समुदायमा आधरित र विद्यालयमा आधारित बा.वि.के.निरीक्षण तथा अनुगमनमा के फरक छ ?

.............................................................................................

११) बालविकास अनुगमन गर्न को को आउछन् ?

क) अभिभावक  ख) मातृविद्यालय  ग) जि.सि.का. घ) संघसंस्था

१२) तपाईको बा.वि.के.मा के कस्ता समस्याहरु छन् ? र ती समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

.............................................................................................

१३) बा.वि.के.को नियमित निरीक्षण तथा अनुगमन क-कसले गर्नु पर्छ ?

.............................................................................................

१४) बा.वि.के.को निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रिय, जिल्ला र स्थानीय स्तरमा कस्तो संयन्त्र बनाउनु पर्ला ?

.............................................................................................

# अनुसुची दुई :

## सहयोगी कार्यकर्ताको लागि प्रश्नावली

बालविकास केन्द्रको नाम : ठेगाना :

स.का.को नाम : ठेगाना :

योग्यता :

१) सहयोगी कार्यकर्ताको काम गर्नु भएको कति वर्ष भयो ?

.................................................................................

२) स.का.भएर काम गर्दा के कस्तो अप्ठ्यारो अवस्था आयो ?

.................................................................................

३) तपाईको बालविकास केन्द्र निरीक्षण गर्न को को आउनुहुन्छ ?

क) अभिभावक ख) स्थानीय निकाय ग) स्र.के.जि.सि.का. घ) संघसंस्था

४) संघ संस्थाहरूले तपाइको बालविकास केन्द्रलाई कुन कुन कुरामा सहयोग गर्छन् ?

.................................................................................

५) तपाईको बालविकास अनुगमन गर्न अभिभावकहरु कत्ति आउछन् ?

.................................................................................

६) के तपाई यो पेशा प्रति सन्तुष्ट हुनुहुन्छ ?

.................................................................................

७) तपाईको बालविकास केन्द्रलाई सुधार गर्न कसको कस्तो भूमिका हुनुपर्छ ?

.................................................................................

८) बालविकास केन्द्रलाई सुचारुरुपले सञ्चालन गर्न निरीक्षण तथा अनुगमनको कत्तिको महत्व रहन्छ ?

.................................................................................

९) बालबालिकाहरू कत्तिको नियमित रुपमा उपस्थित हुन्छन् ?

.................................................................................

१०) के गर्दा बालबालिकाहरू नियमित रुपमा केन्द्रमा उपस्थित होलान् ?

.................................................................................

११) समुदायमा आधरित र विद्यालयमा आधारित बा.वि.के.मा. के कस्ता फरक छन् ?

..............................................................................................

१२) संघ संस्थाले गर्ने अनुगमन र सरकारी पक्षबाट हुने अनुगमन मध्ये कुन चाहिँ बढी प्रभावकारी हुन्छ होला ? किन ?

..............................................................................................

१३) तपाईको बा.वि.के.मा के कस्ता समस्याहरु छन् ? र समस्या समाधानका उपायहरु के होलान ?

..............................................................................................

१४) बा.वि.के.को नियमित निरीक्षण तथा अनुगमन क कसलेगर्नु पर्छ ?

..............................................................................................

१५) बा.वि.के.को निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रीय, जिल्ला र स्थानीय स्तरमा कस्तो संयन्त्र बनाउनु पर्ला ?

..............................................................................................

## अनुसुची तीन :

## शिक्षक तथा प्र.अ.को लागि प्रश्नावली

बालविकास केन्द्रको नाम : ठेगाना :

स.का.को नाम : ठेगाना :

योग्यता :

१) तपाईको विद्यालयमा सञ्चालित बालविकासले कक्षा १ को लागि कस्तो प्रभाव पारेको छ?

..........................................................................................

२) के बालविकास केन्द्रले बालबालिकाहरूको सिकाईमा साच्चै फाइदा पु¥याउँछ ?

..........................................................................................

३) बालविकास केन्द्रका फाइदाहरू के के होलान् ?

..........................................................................................

४) तपाईको विद्यालयमा सञ्चालित बालविकास केन्द्रको निरीक्षण तथा अनुगमन कति गर्नु भएको छ ?

..........................................................................................

५) सबै भन्दा बढी बालविकास केन्द्रको अनुगमन कसले गर्नुपर्छ ?

..........................................................................................

६) बालविकास केन्द्रका उद्देश्य पुरा गर्न विद्यालयले कस्तो भूमिका खेल्नु पर्छ ?

..........................................................................................

७) बालविकास केन्द्रलाई तपाईल कस्तो सहयोग गर्नु भएको छ ?

..........................................................................................

८) बालविकास केन्द्रलाई सुचारु रुपले सञ्चालन गर्न कसले के गर्नु पर्छ होला ?

..........................................................................................

९) बालविकास केन्द्र सञ्चालनमा भूमिका कस्तो हुनुपर्छ ?

..........................................................................................

१०) तपाईका बालविकास केन्द्रमा अभिभावकहरु आउछन् कि आउदैनन् ?

.............................................................................................

११) बालविकास केन्द्र सञ्चालनमा अभिभावकको भूमिका कस्तो हुनुपर्छ ?

.............................................................................................

१२) बालविकास केन्द्रलाई सुचारुरुपले सञ्चालन गर्न निरीक्षण तथा अनुगमनकत्तिको महत्व रहन्छ ?

.............................................................................................

१३) बालवालिकाहरु कत्तिको नियमित रुपमा उपस्थित हुन्छन् ?

.............................................................................................

१४) के गर्दा बालबालिकाहरू नियमित रुपमा केन्द्रमा उपस्थित होलान् ?

.............................................................................................

१५) समुदायमा आधारित र विद्यालयमा आधारित बा.वि.के मा के फरक छ ?

.............................................................................................

१६) संघसंस्थाले गर्ने अनुगमन र सकारी पक्षबाट हुने अनुगमन मध्ये कुन चाहि बढी प्रभावकारी हुन्छ होला ? किन ?

.............................................................................................

१७) बा.वि.के. नियमित रुपमा नचल्नुका कारणहरू के के होलान् ?

.............................................................................................

१८) बालविकासको लागि सबैभन्दा बढीको जिम्मेवार हुनु पर्छ ?

.............................................................................................

१९) तपाईको बा.वि.के.मा कस्ता समस्याहरु छन् ?

.............................................................................................

२०) बा.वि.के.को नियमित निरीक्षण तथा अनुगमन क कसले गर्नु पर्छ ?

.............................................................................................

२१) बा.वि.के.को निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रीय, जिल्ला र स्थानीय स्तरमा कस्तो संयन्त्र बनाउनु पर्ला ?

.............................................................................................

## अनुसुची चार :

## के.व्य.स./वि.व्य.स.का लागि प्रश्नावली

बालविकास केन्द्रको नाम : ठेगाना :

स.का.को नाम : ठेगाना :

योग्यता :

१) बालविकास केन्द्र सञ्चालन गर्न तपाईले कस्तो भुमिक खेल्नु भएको छ ?

.........................................................................................

२) बालविकास केन्द्रको निरीक्षण तथा अनुगमन कत्तिको गर्नुहुन्छ ?

.........................................................................................

३) बालविकास केन्द्र सञ्चालनमा निरीक्षण तथा अनुगमनको भूमिका कस्तो हुन्छ ?

.........................................................................................

४) तपाईलाई आफ्नो भूमिका र काम कर्तव्य अधिकारको बारे थाहा छ ?

.........................................................................................

५) बालविकास केन्द्र निरीक्षण तथा अनुगमनमा स्थानीय संघ संस्था र गै.स.स.को भुमिका कस्तो हुनुपर्छ ?

.........................................................................................

६) बालविकास केन्द्र सञ्चालनमा सबैभन्दा बढी जनाफदेहीको हुनुपर्छ ?

.........................................................................................

७) बालविकास केन्द्र सञ्चालन गर्दा गा.वि.स.तथा न.पा.को भुमिका कस्तो हुनुपर्छ ?

.........................................................................................

८) बालविकास केन्द्र निरीक्षण तथा अनुगमन गर्न जि.शि.का तथा स्रोतकेन्द्रबाट आउनुहुन्छ कि हुन्न?

.........................................................................................

९) बालविकास केन्द्र सञ्चालनमा संघ संस्थाको भूमिका कस्तो हुनुपर्छ ?

.........................................................................................

१०) तपाईको बालविकास केन्द्रमा अभिभावकहरू आउँछन् कि आउदैनन् ?

..............................................................................

११) बालविकास केन्द्र सञ्चालनमा अभिभावकको भूमिका कस्तो हुनुपर्छ ?

..............................................................................

१२) बालविकास केन्द्रलाई सुचारुरुपले सञ्चालन गर्न निरीक्षण तथा अनुगमनको कत्तिको महत्व रहन्छ ?

..............................................................................

१३) बालबालिकहरू कत्तिको नियमित रुपमा उपस्थित हुन्छन् ?

..............................................................................

१४) के गर्दा बालबालिकाहरू नियमित रुपमा केन्द्रमा उपस्थित होलान् ?

..............................................................................

१५) समुदायमा आधारित र विद्यालयमा आधारित बा.वि.के.मा. के फरक छ ?

..............................................................................

१६) संघ संस्थाले गर्ने अनुगमन र सरकारी पक्षबाट हुने अनुगमन मध्ये कुन चाहिँ बढी प्रभावकारी हुन्छ होला ? किन ?

..............................................................................

१७) बा.वि.के. नियमित रुपमा नचल्नुका कारणहरु के के होलान् ?

..............................................................................

१८) बालविकासको लागि सबै भन्दा बढीको जिम्मोवार हुनु पर्छ ?

..............................................................................

१९) तपाईको बा.वि.के.मा के कस्ता समस्याहरु छन् ?

..............................................................................

२०) बा.वि.के.को नियमित निरीक्षण तथा अनुगमन क–कसले गर्नु पर्छ ?

..............................................................................

२१) बा.वि.के. को निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रीत, जिल्ला र स्थानीय स्तरमा कस्तो संयन्त्र बनाउनु पर्ला ?

..............................................................................

## अनुसुची पाँच :

## अनुगमनकर्ता /स्रोतव्यक्ति /वि.नि.का लागि प्रश्नावली

बालविकास केन्द्रको नाम : ठेगाना :

स.का.को नाम : ठेगाना :

योग्यता :

१) बालविकास केन्द्रको वर्तमान अवस्था कस्तो छ ?

........................................................................................

२) बालविकास अनुगमन गर्न तपाई महिनामा कति पटक बालविकास केन्द्र जानुहुन्छ ?

क) महिनामा १ ........ पटक ख) कहिलेकाहि ग) जान्न

३) बा.वि.के. प्रभावकारी रुपमा सञ्चालन गर्न सबैभन्दा बढी भूमिका कसको हुनुपर्छ ।

........................................................................................

४) बालविकास केन्द्र निरीक्षण तथा अनुगमन सम्बन्धमा निर्देशिकामा कस्तो व्यवस्था छ ।

........................................................................................

५) बालविकास केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न के गर्नु पर्छ ?

........................................................................................

६) बालविकास केन्द्र सञ्चालनमा निरीक्षण तथा अनुगमनको कस्तो भूमिका हुन्छ ?

........................................................................................

७) बालविकास केन्द्रको निरीक्षण तथा अनुगमनमाको बढी जिम्मेवार हुनुपर्छ ?

........................................................................................

८) ब.वि.के. सञ्चालनमा स्थानीय निकाय र जि.शि.का.को कस्तो भूमिका हुनुपर्छ ?

........................................................................................

९) समुदायमा आधारित र विद्यालयमा आधारित बा.वि.के.मा कुन बढी प्रभावकारी छ र कुनमा निरीक्षण तथा अनुगमन प्रभावकारी हुन्छ ?

........................................................................................

१०) बालविकासको लागि सबैभन्दा बढी को जिम्मेवार हुनु पर्छ ?

........................................................................................

## अनुसूची छ :

## बालविकास केन्द्रको भौतिक अवस्था

| क्र.स. | बा.वि.के.को नाम, ठेगाना | भवन, कोठा | बसाइ व्यवस्था | खानेपानी | चर्पी | खेल मैदान | घेरा बारा | जग्गा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | छ | राम्रो | छ | छ | छ | छ | छ |
| २ | वाणीविलास मा.वि लोहाकोट खराङ्ग ८ | छ | राम्रो | छ | छ | छ | छ | छ |
| ३ | अरुण नि.मा.वि. सालडाँडा खराङ्ग ७ | छ | राम्रो | छ | छ | छ | छ | छ |
| ४ | धर्मदेवी नि.मा.वि कल्लेरी खराङ्ग ३ | छ | राम्रो | छ | छ | छ | छ | छ |

स्रोत : स्थलगत अध्ययन, २०६९

## अनुसूची सात :

## बालविकास केन्द्रको आर्थिक अवस्था

| क्र. स. | बा.वि.के.को नाम | तलब | विद्यालय | जोडकोष | फी | संघसंस्था | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | जि.शि.का | विद्यालय | छैन | छैन | छैन | छैन |
| २ | वाणीविलास मा.वि लोहाकोट खराङ्ग ८ | जि.शि.का | विद्यालय | छैन | छैन | छैन | छैन |
| ३ | अरुण नि.मा.वि. सालडाँडा खराङ्ग ७ | जि.शि.का | विद्यालय | छैन | छैन | छैन | छैन |
| ४ | धर्मदेवी नि.मा.वि कल्लेरी खराङ्ग ३ | जि.शि.का | विद्यालय | छैन | छैन | छैन | छैन |

स्रोत : स्थलगत अध्ययन, २०६९

अनुसूची आठ :

खेल, सिकाइ सामग्री, सिकाइ क्षेत्र र अभिलेखको अवस्था

| क्र.स. | बा.वि.के.को नाम | बाहिरी खेल सामग्री | भित्री खेल सामग्री | सिकाइ क्षेत्र | सिकाइ सामग्री | अभिलेख | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | नभएको | सामान्य | नभएको | सामान्य | सामान्य | |
| २ | वाणीविलास मा.वि लोहाकोट खराङ्ग ८ | नभएको | सामान्य | नभएको | सामान्य | सामान्य | |
| ३ | अरुण नि.मा.वि. सालडाँडा खराङ्ग ७ | नभएको | सामान्य | नभएको | सामान्य | सामान्य | |
| ४ | धर्मदेवी नि.मा.वि कल्लेरी खराङ्ग ३ | नभएको | सामान्य | नभएको | सामान्य | सामान्य | |

स्रोत : स्थलगत अध्ययन, २०६९

## अनुसूची नौँ :

## मानवीय पक्षको अवस्था

| क्र.स. | बा.वि.के.को नाम | स.का.को. नाम | योग्यता | तालिम | अनुभव | के.व्य.स. | के.व्य.स. को संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | कमला श्रेष्ठ | एस.एल.सी | प्राप्त | ५ वर्ष | वि.व्य.स. | ९ |
| २ | वाणीविलास मा.वि लोहाकोट खराङ्ग ८ | शारदा त्रिताल | आइ ए | प्राप्त | ४ वर्ष | वि.व्य.स. | ९ |
| ३ | अरुण नि.मा.वि. सालडाँडा खराङ्ग ७ | जानुका दाहाल | एस.एल.सी | प्राप्त | ४ वर्ष | वि.व्य.स. | ९ |
| ४ | धर्मदेवी नि.मा.वि कल्लेरी खराङ्ग ३ | शान्ती तामाङ्ग | एस.एल.सी | प्राप्त | ४ वर्ष | वि.व्य.स. | ९ |

स्रोत : स्थलगत अध्ययन, २०६९

अनुसूची दश :

प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा निरीक्षण तथा अनुगमनको अवस्था अध्ययन

अन्तवार्ता, प्रश्नावलीमा संलग्न सरोकारवालाहरूको नामाबली विवरण

| क.स. | नाम, थर | ठेगाना | पद | संस्था |
|---|---|---|---|---|
| १ | गोपालमान भण्डारी | संखुवासभा | वि.नि | जि.शि.का |
| २ | भवानीप्रसाद भट्टराई | संखुवासभा | स्रोतव्यक्ति | चैनपुर स्रोतकेन्द्र |
| ३ | ललित कटुवाल | संखुवासभा | वि.व्य.स. | श्री शारदा उ.मा.वि खराङ्ग |
| ४ | शान्ती तामाङ्ग | संखुवासभा | स.का. | श्री धर्मदेवी नि.मा.वि कल्लेरी |
| ५ | कमला श्रेष्ठ | संखुवासभा | स.का. | खराङ्ग बालविकास केन्द्र |